ehetaudasandesh.com
हेटौंडा
राष्ट्रिय दैनिक
सन्देश
प्रदेश "क" वर्ग
Hetauda Sandesh Daily
वर्ष: २५ ॥ अंक: ३२५ ॥ शनिबार २ जेठ २०८३ ॥ औशी ॥ ने.सं. ११४६ ॥ बछलागा ॥ Saturday 16 May 2026 ॥ पृष्ठ : ४ ॥ मूल्य: रु.३/-

बैंकद्वारा आमाघर आश्रमलाई सहयोग

सन्देश संवाददाता

हेटौंडा कृषि विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत मकवानपुरको मनहरी गाउँपालिकास्थित आमाघर आश्रम लाई खानेपानी शुद्धीकरण गर्ने फिल्टर हस्तान्तरण गरेको छ।

बैंकको बागमती प्रदेश निर्देशनालयमार्फत् आमाघरलाई पानी प्रशोधन गर्ने फिल्टर प्रदान गरिएको बैंकले जनाएको छ।

शुक्रवार कृषि विकास बैंकको बजार प्रवर्द्धन विभागकी प्रमुख विना शर्मा र बागमती प्रदेश निर्देशनालयका निर्देशक रामप्रसाद गजुरेलले संयुक्तरुपमा आमाघरलाई फिल्टर हस्तान्तरण गरेका थिए।

२ लाख २० हजार मूल्य बराबरको फिल्टर हस्तान्तरण गरिएको निर्देशक गजुरेलले जानकारी गराए।

बागमती प्रदेशमा खर्चको दबाव बढ्दै

२ महिनामा ६६ प्रतिशत बजेट खर्च गर्नुपर्ने

सन्देश संवाददाता

हेटौंडा/चालु आर्थिक वर्ष २०८२/०८३ को १० महिनाको समयमा पनि बागमती प्रदेश सरकारको बजेट खर्च निकै सुस्त देखिएको छ। चालु आर्थिक वर्षको १० महिना बितिसक्दा प्रदेश सरकारले कुल बजेटको ३४.०६ प्रतिशत मात्रै खर्च गर्न सकेको छ। साउनदेखि वैशाख मसान्तसम्मको १० महिनासम्मा प्रदेश सरकारको बजेट खर्च सुस्त देखिएको हो।

आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेशले सार्वजनिक गरेको वैशाख मसान्त सम्मको खर्च विवरणअनुसार कुल ६७ अर्ब ४७ करोड ७३ लाख रुपैयांमध्ये हालसम्म २२ अर्ब ९८ करोड २४ लाख ५२ हजार रुपैयां अर्थात् ३४.०६ प्रतिशत मात्र बजेट खर्च भएको छ। जसमा विकास खर्च अर्थात् पुंजीगत बजेट खर्च झनै कमजोर अवस्थाको देखिएको छ।

पुँजीगततर्फ विनियोजित ४१ अर्ब ४३ करोड ३५ लाख रुपैयाँमध्ये जम्मा ११ अर्ब ८७ करोड ७३ लाख ६० हजार रुपैँया अर्थात् २८.५९ प्रतिशत मात्र बजेट खर्च भएको छ। विकासका लागि छुट्टयाइएको ७० प्रतिशतभन्दा बढी बजेट अझै खर्च हुन सकेको देखिदैन।

प्रदेश सरकारले चालुतर्फको २६ अर्ब ४ करोड ३७ लाख ९९ हजार बजेटमध्ये ४२.८२ प्रतिशत अर्थात् ११ अर्ब १० करोड ५१ लाख ९२ हजार रुपैयाँ बजेट खर्च गरेको छ। यसले आर्थिक वर्षको अन्तिम दुई महिनामा ठूलो परिमाणमा अर्थात् ६६ प्रतिशत बजेट खर्च गर्नुपर्ने दबाब प्रदेश सरकारमाथि परेको छ।

बिगतका वर्षहरूझैं असार महिनामा हतारमा बजेट खर्च गर्ने प्रवृत्ति दोहोरिने जोखिम यस पटकको प्रदेश सरकारलाई पनि बढेको देखिन्छ।

प्रदेश सरकारका १४ मन्त्रालय तथा मातहतको निकायहरुमध्ये खर्च प्रतिशतको आधारमा सबैभन्दा बढी बजेट विनियोजन गरेको भौतिक पूर्वाधार विकास मन्त्रालयले ३३.९१ प्रतिशत मात्र बजेट खर्च गरेको छ। यस मन्त्रालयले १० करोड ५९ लाख २९ हजार अर्थात् ४८ करोड ४९ लाख २४ हजार रुपैयाँ खर्च गरेको छ। त्यस्तै, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले १५ करोड ५५ लाख १५ हजार रुपैयां अर्थात् ३२.२० प्रतिशत, आर्थिक मामिला तथा योजना मन्त्रालयले १० करोड २९ लाख ७३ हजार रुपैयाँ अर्थात् ४५.४६ प्रतिशत, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले २० करोड १८ लाख ८० हजार रुपैयाँ अर्थात् ३१.२३ प्रतिशत बजेट खर्च गरेको जनाएको छ।

यसैगरी प्रदेश व्यवस्थापिकाले १३ करोड १५ लाख २५ हजार रुपैयाँ अर्थात् ४७.०३ प्रतिशत, प्रदेश लोक सेवा आयोगले ५ करोड ४३ लाख ७९ हजार रुपैयाँ अर्थात् ५२.५१ प्रतिशत, मुख्य न्यायाधिवक्ताको कार्यालयले १ करोड १७ लाख ३२ हजार रुपैयाँ अर्थात् ४५.२९ प्रतिशत खर्च गरेको प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ।

यस मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालय जनाएको छ।

यस्तै, यही अवधिमा प्रतिशतकै आधारमा सबैभन्दा कम बजेट खर्च गर्नेमा युवा तथा खेलकुद विकास मन्त्रालय छ। कुल १ अर्ब २५ करोड ७० लाख ८ हजार रुपैया बजेट विनियोजन भएको यस मन्त्रालयले १० महिनाको अवधिमा २० करोड ३४ लाख २५ हजार अर्थात् १६.१८ प्रतिशत मात्रै खर्च गरेको छ।

चालु आर्थिक वर्षको लागि कुल ३ अर्ब २१ करोड ३५ लाख ४४ हजार रुपैया बजेट विनियोजन भएको संस्कृति तथा पर्यटन मन्त्रालयले यस अवधिमा १९.५५ प्रतिशत अर्थात् ६६ करोड १८ लाख ८२ हजार रुपैया बजेट खर्च भएको प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ।

यस्तै श्रम रोजगार तथा यातायात मन्त्रालयले ४४.०२ प्रतिशत अर्थात् ३४ करोड ६९ लाख २२ हजार रुपैयां बजेट खर्च गरेको छ भने कृषि तथा पशुपन्छी विकास मन्त्रालयले ५४ करोड ६ लाख ३० हजार रुपैयाँ अर्थात् २४.२२ प्रतिशत, खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालयले २ अर्ब ५५ करोड ४८ लाख ३४ हजार रुपैयां अर्थात् ३०.७० प्रतिशत, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले २० करोड १२ लाख १६ हजार रुपैयां अर्थात् २७.०२ प्रतिशत, वन तथा वातावरण मन्त्रालयले १ अर्ब ६५ करोड ५७ लाख ७ हजार रुपैयां अर्थात् ४१.७४ प्रतिशत, सामाजिक विकास मन्त्रालयले १ अर्ब २७ करोड ९८ लाख १८ हजार रुपैयां अर्थात् ३३.७५ प्रतिशत बजेट खर्च गरेको छ।

बागमती प्रदेशमा १ संस्थागतसहित २१ विद्यालयको नतिजा शून्य

सन्देश संवाददाता

हेटौंडा/राष्ट्रिय परीक्षा बोर्डले गत सोमवार सार्वजनिक गरेको माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ को नतिजामा बागमती प्रदेशका ६ जिल्लाका १ संस्थागत सहित २१ वटा विद्यालयहरुको नतिजा शून्य आएको छ।

२० सामुदायिक र १ संस्थागत गरी २१ विद्यालयबाट एकजना परीक्षार्थी पनि उत्तीर्ण हुन सकेका छैनन्। बागमती प्रदेश शिक्षा निर्देशनालयका महानिर्देशक गोपालप्रसाद कंडेलका अनुसार एसईई नतिजामा सबैभन्दा धेरै सिन्धुपाल्चोकका ७ वटा विद्यालय निल आएका छन्। उक्त जिल्लाबाट संस्थागत र सामुदायिक गरेर १५३ वटा विद्यालयका विद्यार्थी एसईईमा सहभागी भएका थिए।

काभ्रेका ४ वटा विद्यालयबाट एसईईमा सहभागी भएकामध्ये एक जना पनि उत्तीर्ण छैनन्। उक्त जिल्लाबाट सामुदायिक र संस्थागत गरेर २९१ विद्यालय एईईमा सहभागी भएका थिए। मकवानपुरका दुई पालिकाका ४ विद्यालय एसईईमा निल आएका छन्।

मकवानपुरको राक्सिराङ गाउँपालिकाका ३ विद्यालयका विद्यार्थी एकजना पनि उत्तीर्ण भएका छैनन्।

राक्सिराङ गापा-४ स्थित कालिका माबि, राक्सिराङ-६ स्थित राष्ट्रिय माबि र राक्सिराङ-८ स्थित माबि देवीटारको नतिजा शून्य आएको हो। यसैगरी भीमफेदी गाउँपालिका-८ पञ्चकन्या माविको नतिजा शुन्य छ। मकवानपुरका संस्थागत र सामुदायिक गरेर १४२ माध्यमिक विद्यालयका ५ हजार ५ सय २७ जना विद्यार्थीले एसईई दिएका थिए।

यसैगरी चितवनका एक संस्थागत र ३ सामुदायिक गरी ४ विद्यालयका एकजनाले पनि एसईई उत्तीर्ण गर्न सकेनन्। बागमती प्रदेशमा संस्थागत विद्यालय निल भएको चितवनमामात्र हो। चितवनमा संस्थागत र सामुदायिक गरेर २६७ वटा विद्यालयका विद्यार्थीले परीक्षा दिएका थिए।

धादिङमा सामुदायिक र संस्थागत गरेर १६१ वटा विद्यालयका विद्यार्थी परीक्षामा सहभागी भएका थिए। तीमध्ये एक माविका एक जना पनि उत्तीर्ण हुन सकेनन्। त्यसैगरी ललितपुरको एउटा माविको नतिजा शून्य आएको छ। उक्त जिल्ला बाट संस्थागत र सामुदायिक गरी २८३ माविका विद्यार्थीले परीक्षा दिएका थिए।

काठमाडौं, भक्तपुर, नुवाकोट, रसुवा, सिन्धुली, दोलखा र रामेछाप गरी ७ जिल्लाका एउटै विद्यालयको नतिजा शून्य पनि आएको छैन्। शिक्षा निर्देशनालयका अनुसार बागमती प्रदेशमा सामुदायिक र संस्थागत गरेर २ हजार ८ सय ८३ विद्यालयका विद्यार्थी एसईईमा सामेल भएका थिए।

ठेक्काको मूल्य समायोजन माग्दै ब्यवसायीको धर्ना

सन्देश संवाददाता

हेटौंडा/पेट्रोलियम पदार्थ तथा अन्य निर्माण सामग्रीहरुको चर्को मूल्यवृद्धि भएका कारण ठेक्काको मूल्य समायोजन वा ठेक्काको म्याद थप गरिदिन माग गर्दै मकवानपुरका निर्माण व्यवसायीहरूले सडक डिभिजन कार्यालय मकवानपुर अगाडि शुक्रबार धर्ना दिएका छन्।

धर्नापछि निर्माण व्यवसायीहरूले डिभिजन प्रमुखको ध्यानाकर्षण गराएका थिए। संघले बिहीबार मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्तराज अधिकारीलाई यही मागसहितको ब्यहोरा राख्दै ज्ञापन पत्रसमेत बुझाएका थिए।

ज्ञापन पत्र बुझाएपछि सञ्चार-कर्मीहरुसंग कुरा गर्दै निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपाल कंडेलले सरकारले तत्काल राहत वा म्याद थपको निर्णय नगरे निर्माण उद्योग अझै धराशायी हुने जानकारी दिए। अध्यक्ष कंडेलले संघीय, प्रदेश र स्थानीय सरकारले म्याद थप नगरे निर्माण कार्य बन्द गर्नुको विकल्प नभएको औल्याए।

बिगत एक महिना यता पेट्रोलियम पदार्थको मूल्य ५० प्रतिशत वृद्धि भएको र अन्य निर्माण सामग्रीहरू सिमेण्ट, डण्डी र गिट्टी बालुवाको मूल्य २० प्रतिशतसम्म बढेको मात्र होइन कति निर्माण सामग्रीको अभावसमेत भएकोले निर्माण व्यवसायीहरूले जिम्मा लिएको कामको म्याद थप र मुल्य समायोजन गराउन हामीले तालुकदार निकाय र नेपाल सरकारको ध्यानाकर्षण गराएका हौं, संघ महासचिव राजेन्द्रप्रसाद चौलगाईले जानकारी गराए।

हेटौंडा-ढल्केवर प्रसारण लाइन निर्माणले गति लियो

काठमाडौं/लामो समयदेखि स्थानीयको असन्तुष्टिका कारण रोकिदै आएको 'हेटौंडा-ढल्केवर-दुहवी ४०० केभी प्रसारण' लाइन निर्माण कार्य पुनः सुरु भएको छ।

सरकारको पहलपछि सो प्रसारण लाइनको निर्माण सुरु भएको छ। लामो समयदेखि मुआब्जा र जग्गा विवादका कारण अवरुद्ध आयोजना ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठको पहलपछि पुनःसंक्रियताका साथ निर्माण अगाडि बढेको छ।

नेपाल विद्युत् प्राधिकरणले पनि प्रभावित स्थानीय, जनप्रतिनिधि तथा सरोकारवालासँग मन्त्री श्रेष्ठले गरेको निरन्तर छलफल र समन्वय पछि जग्गाधनीले मुआब्जा स्वीकार गरेकाले प्रसारण लाइनको टावर निर्माण कार्य अगाडि बढेको आयोजनाले जनाएको छ।

सन् २०१२ देखि निर्माण सुरु भएको प्रसारण लाइनअन्तर्गत हेटौंडाको हटिया क्षेत्रमा टावर निर्माण रोकिँदा आयोजना वर्षौंदेखि प्रभावित बनेको थियो। कुल २८८ किलोमिटर लम्बाइको आयोजनामध्ये पूर्वी खण्ड १५४ किलोमिटर लामो ढल्केवर-इनरुवा खण्ड तीन वर्षअघि नै सञ्चालनमा आइसकेको छ। तर, १३४ किलोमिटर लामो हेटौंडा-ढल्केवर खण्ड भने मुआब्जा विवादका कारण ठिलाइ भइरहेको थियो।

प्राधिकरणले हेटौंडा क्षेत्रमा निर्माण गर्नुपर्ने १४ वटा टावरमध्ये हाल तीन वटाको निर्माण सम्पन्न भइसकेको छ। यस्तै, दुई वटाको इरेक्सन (टावर ठड्याउने) कार्य जारी रहेको जनाएको छ। साथै सबै टावरको जग निर्माण कार्य पूरा भइसकेको तथा बाँकी संरचनाको काम अन्तिम चरणमा पुगेको जनाएको छ।

प्राधिकरणका कायममुकायम कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले टावर निर्माणसँगै मुआब्जा तथा क्षतिपूर्ति वितरणको प्रक्रिया समानान्तररूपमा अघि बढाइएको जानकारी दिए।

उनले प्रभावितलाई कानुन अनुसार उचित क्षतिपूर्ति उपलब्ध गराइने प्रतिबद्धता व्यक्त गर्दै तार तान्ने कार्य सुरु भएसँगै पहिचान भएका सबैलाई एकैपटक मुआब्जा वितरण गरिने बताए। श्रेष्ठका अनुसार चालु आर्थिक वर्षभित्र प्रसारण लाइन सञ्चालनमा नआए वर्षायाममा उत्पादन हुने करिब ८०० मेगावाट विद्युत् प्रवाह हुन नसकी खेर जाने जोखिम रहन्छ। त्यसबाट राष्ट्रलाई ठूलो आर्थिक क्षति हुनसक्ने उनको भनाइ छ। प्राधिकरणले वन क्षेत्रको रुख कटान तथा जग्गा प्रयोगसम्बन्धी बाँकी स्वीकृति प्राप्त हुनेविषयमा बाँकी दुई वटा टावर निर्माण गर्ने लक्ष्य राखेको छ।

आयोजना सम्पन्न भएपछि देशको आन्तरिक विद्युत आपूर्ति थप सुदृढ हुने, राष्ट्रिय ग्रिडको विश्वसनीयता बढ्ने तथा छिमेकी मुलुक सँगको विद्युत् व्यापार विस्तारमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा छ।

सो प्रसारण लाइन निर्माणका लागि पटकपटक प्रयास भएता पनि समस्या समाधान हुन सकेको थिएन। पछिल्लो पहलपछि अब भने प्रसारण लाइन निर्माण सम्पन्न हुने पक्कापक्की भएको छ।

स्थानीय तह घटाउन र जनसंख्याका आधारमा निर्वाचन क्षेत्र तोक्न माग

सन्देश संवाददाता

काठमाडौं/डा. शरदसिंह यादव नेतृत्वको जन अधिकार पार्टीले हाल कायम रहेका स्थानीय तहको संख्या घटाउने गरी संविधान संशोधन गर्नुपर्ने प्रस्ताव अघि सारेको छ।

शुक्रवार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै पार्टीले संघीयतालाई सबल बनाउन भन्दै १६ बुँदे माग सार्वजनिक गरेको हो। पार्टीले संविधानको धारा ८४ मा रहेको प्रतिनिधि सभा निर्वाचन क्षेत्र निर्धारण प्रक्रियामा भूगोललाई हटाएर पूर्ण रूपमा जनसङ्ख्याको आधार मात्र मान्नुपर्ने माग गरेको छ।

हाल कायम भूगोल र जनसंख्या दुवैलाई आधार मान्ने व्यवस्थाले असमान प्रतिनिधित्व सिर्जना गरेको पार्टीको दावी छ।

यसैगरी, प्रदेशको सीमाभित्रका अदालतहरूको व्यवस्थापन प्रदेश सरकार अन्तर्गत हुनुपर्ने र न्यायाधीश नियुक्ति प्रदेश न्याय परिषद्बाट हुनुपर्ने प्रस्तावसमेत अघि सारिएको छ। जन अधिकार पार्टीले प्रदेशको शान्ति सुरक्षा र प्रशासन पूर्ण रूपमा प्रदेश सरकारको मातहतमा रहनुपर्ने अडान लिएको छ।

संघबाट राजस्व बाँडफाँट गर्दा जनसंख्या र मानव विकास सूचकांकलाई मुख्य आधार बनाउनुपर्ने र संविधानको धारा ८४९२० मा रहेको पहाडी खस आर्य सम्बन्धी व्यवस्था हटाउनुपर्ने पार्टीको

विद्यालयलाई आरओ र पानी टंकी सहयोग

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा-४ मा रहेको जालाल आईरन एण्ड मेशिनरी स्टोर्सले भीमफेदी गाउपालिका-१ सानुटारमा रहेको एक विद्यालयलाई आरओ मेशिन र एक थान पानी टंकी सहयोग गरेको छ।

बि.सं. २०३४ सालमा स्थापना भएको राष्ट्रिय माध्यमिक विद्यालयका विद्यार्थीलाई शुद्ध पिउने पानी वितरणका लागि सहज बनाउन स्टोर्सले सामाजिक उत्तरदायित्व अन्तर्गत मेशिन र टंकी सहयोग गरेको स्टोर्सका सञ्चालक मनोज जालानले जानकारी गराए।

शुक्रबार विद्यालयमा आयोजित कार्यक्रममा विद्यय अध्यक्ष पुर्णबहादुर स्याङ्तानले विद्यालयको बिभिन्न क्षेत्रमा बिभिन्न व्यक्ति तथा संस्थाहरुले सहयोग गरेको जानकारी गराए भने प्रधानाध्यापक मानवबहादुर घलानले विद्यालयमा खानेपानीको असुविधा भएकोमा जालान परिवारले गरेको सहयोग अति सराहनीय भएको बताए।

पानी टंकी सहयोगीदाता जालानले आफ्ना स्वर्गीय पिता भगवानदास जालान र माता शान्तीदेवी जालानको सम्झनामा शुद्ध पिउने पानीको व्यवस्थाको लागि सहयोग गरिएको बताए। उनले कलिला बालबालिका स्वस्थ रहनु भन्ने उद्देश्य सहयोग गरेको बताए।

जिल्ला टपको खुशीयाली

बालजागृति सेकेण्डरी स्कूलले लगातार तीन शैक्षिक सत्रदेखि GPA ४.० सहित १०० प्रतिशत नतिजा ल्याएको खुशीयालीमा विद्यार्थी तथा शिक्षकहरुले बजार परिक्रमा गर्दै खुशीयाली मनाएका छन्।

T.U. AFFILIATED
HETAUDA CITY COLLEGE
ZENITH
ADMISSION OPEN!
FOR +2 (GRADE 11 & 12)
+2 PROGRAMS WE OFFER
+2 SCIENCE
MANAGEMENT
HOTEL MANAGEMENT
LAW
BACHELOR PROGRAMS WE OFFER
B.Sc.CSIT
BCA
BBS
EXPERIENCED & QUALIFIED FACULTY
MODERN LABS & LIBRARY
CAREER GUIDANCE & PLACEMENT SUPPORT
DISCIPLINED ENVIRONMENT & HOLISTIC DEVELOPMENT
QUALITY EDUCATION, BRIGHT FUTURE
Hetauda-5, Piple, Makawanpur
057-526660 || 9855077417 || 9811180037
9855069444 || 9855067435 || 9845402101

धूम्रपान त्यागौं, स्वस्थ जीवनशैली अपनाऔं
धूम्रपानले क्यान्सर, मुटु रोग र श्वासप्रश्वाससम्बन्धी समस्या निम्त्याउँछ,
धूम्रपान स्वास्थ्यका लागि हानिकारक छ,
त्यसैले,
सार्वजनिक स्थानमा धूम्रपान नगरौं,
किशोर-किशोरीहरूलाई धूम्रपानबाट टाढा राखौं,
धूम्रपानको लतबाट मुक्त हुन आवश्यक परामर्श र सहयोग लिऔं,
धूम्रपान नगर्ने वातावरण सिर्जना गरौं,
आफ्नो र परिवारको स्वास्थ्यको रक्षा गरौं,
धूम्रपान त्याग्ने संकल्प गरौं,
धूम्रपान विरुद्ध जनचेतना फैलाऔं र स्वस्थ समाज निर्माण गरौं।
स्वस्थ जीवन, उज्वल भविष्यको आधार ।
नेपाल सरकार
विज्ञापन बोर्ड

अरुणको किनारमा

कथा :

✍भरत पौडेल

त्यो भोटेनी केटी अरुणमा हामफाल्नै लागेकी थिई । म बेकामे, घुमन्ते, उरन्ठेउलो उसै भौतारिँदै पुगेको थिएँ त्यहाँ । एउटी जवान केटीले जीवनो-त्सर्ग गर्न लागेकी देखेर म भावविहीन बनेँ र अनायसै उसलाई समाउन पुगेँ । ऊ भरिली जवान भोटेनी । म लुरे बाहुन । झण्डै झण्डै ऊसँगै अरुणमा झरेको । सोछ्न पनि सकिनँ, किन ऊ अरुणकी प्यारी हुन लागेकी हो भनेर । नि:शब्द भएर मैले उसलाई तानेँ । जुन हात समातेर तानेको थिएँ त्यही हात नछोडी उकालो लागेका थियौँ हामी दुईजना ।

थुक्क ! मोराले कोही नपाएर भोटेनी समातेछ । समाजलाई यत्ति देख्नु काफी थियो । मैले प्रतिक्रिया दिने ठाउँ पनि थिएन । समातेकै हो 'समात्नु' शब्द उसै बदनाम भयो । समातिनेको हालत भन् के भयो होला ! निश्चल मनको गहिराइमा मुस्लो धुवाँ उठ्यो र क्रमश: हाँगा फाट्दै गयो । त्यसैको एउटा हाँगा आँखाबाट निस्कियो । समाजको हेराइमा त्यो हाँगा दोषी साबित भैसकेको थियो ।

मैले समाजको नाक काटिदिएँ । मेरो कारण समाजले नकाटो हुन चाहेन । 'असतीलाई समाज बाट निकाल्नु पर्छ ।' उसै पनि म समाजमा कहाँ थिएँ र ! म समाजबाट धुवाँजस्तै उडेर माथि पुगिसकेको थिएँ तर समाजले मलाई निहुरेर हेरि –रहेको थियो । 'अवस्थाअनुसार गहिराइ र उचाइ समान पनि हुँदा रहेछन् केटा !' मैले आफैँलाई सम्झाएँ ।

असारको महिना थियो, चलनअनुसारको लगन भएको महिना । मैले उसलाई आफ्नो बनाउने निधो गरेँ । मलाई लागेको थियो यो कुराको साक्षी हामी दुईमात्र हुनेछौँ । तर, उसले आमालाई खबर गरिछ । ऊ उसकी आमा, एउटा पण्डित र केही आफन्तसहित उपस्थित भइन् । 'म आगो साक्षी राखेर नै छोरी सुम्पिन्छु ।' मेरो तर्फबाट केही तयारी थिएन । तयारी गर्नुपर्ने पनि केही थिएन । मेरो गोजी एक चुट्की सिन्दुर र एक लुङ पोतेमा सीमित थियो ।

त्यो साँझ अरुणको किनारमा पानी असाध्यै बढेको थियो । बादलहरू आकाशमा यसरी गुडि–रहेका थिए, मानौँ कसैले पुराना दु:खलाई हाँकेर भगाइरहेको होस् । पण्डितले कुश बिछ्याए । एउटा पुरानो काँसको थालमा दीप राखियो । नदीको गर्जनबीच मन्त्रका ध्वनिहरू कहिले हराउँथे, कहिले फर्केर आउँथे ।

उसले पहिलोपटक मलाई सीधा आँखामा हेरी । ती आँखामा डर थिएन । वरु एक किसिमको थकान थियो । धेरै रोएर आँसु सकिएका मानिसमा हुने थकान । मैले त्यही क्षण बुझेँ, यो केटी मरिनँ भनेर मात्र बाँचेकी होइन, यो अब बाँचेर देखाउने अठोटमा छ ।

मैले मनमनै दोहोऱ्याएँ- पेम्फुरी । नाम उच्चारण गर्दा नै हिउँ पग्लिएको आवाज आउँथ्यो । 'मानवहादुर होइन, देवबहादुर होइन... म त बस् हरिप्रसाद । गाउँलेले हरिया भन्छन् ।' 'हरि या...' उसले विस्तारै मेरो नाम बोल्दा मलाई पहिलो पटक आफ्नै नाम राम्रो लाग्यो ।

विवाह सकिएपछि उसका आफन्तहरू चुपचाप फर्किए । कसैले आशीर्वाद दिएनन् । कसैले विरोध पनि गरेनन् । त्यो मौनताको अर्थ के थियो ? उत्तर खोज्ने प्रयास गरिएन । हामीसँग घर थिएन । मेरो नाममा जमिन थिएन । समाजले दिने ठाउँ थिएन । त्यसैले हामी नदीछेउकै एउटा खाली गोठमा बस्न थाल्यौँ । छानो चुहिन्थ्यो । राति मुसा कुद्थे । बिहान चिसोले हड्डी दुख्थ्यो । तर, पेमी हरेक बिहान गोठको ढोकामा उभिएर सूर्य हेर्थी र भन्थी-'मरेकी भए यो देख्ने थिइनँ ।' गाउँलेले हाम्रो बिवाहलाई बिवाह मानेनन् । उनीहरूका लागि त्यो दुर्घटना थियो ।

उनीहरूको आँखामा पेमी अझै पनि 'भोटेनी' नै थिई, नाम भएकी मान्छे होइन । अनि म ? म जात फालेको बाहुन । तर, त्यो रात ऊ धेरै बेर रोई । मैले पहिलोपटक उसको रोदन सुनेँ । त्यो आवाज दबाइएको वर्षाजस्तो थियो । 'म कहिलेसम्म भोटेनी नै रहन्छु हरिया ?' मसँग उत्तर थिएन । मैले केवल उसको कपाल प्रेमपूर्वक सहलाएँ । समयले हाम्रो गोठमा अर्को पाहुना पनि ल्यायो । पेमी गर्भवती भई । जब उसले मलाई खबर सुनाई, म पहिलोपटक साँच्चै डराएँ । हामी आफै आधा पेट खान्थ्यौँ । बच्चालाई कसरी हुर्काउने ?

छोरी जन्मिई । असोजको एक रात । बाहिर हुरी बतास जोडले चलिरहेको थियो । गोठको छानो उड्ला जस्तो भइरहेको थियो । तर, त्यो सानो बच्चीको पहिलो रोदनले सबै आवाज दबाइदियो । मैले छोरीलाई काखमा लिँदा अजीब अनुभूति भयो । मानौँ भगवान्ले मलाई समाज भन्दा ठूलो जिम्मेवारी दिएका हुन् । अरुणिमा हुर्किँदै गई । उसका आँखाहरू पेमीका जस्तै थिए । उज्यालो तर भित्र कतै दु:ख लुकाएका । गाउँका केही बच्चाहरू ऊसँग खेल्थेनन् । 'त्यो जात नमिलेकी हो,' उनीहरूका आमाबाउले भन्थे । पेमीले उसलाई अँगालो हालेर भनी-'तँ मान्छे जातकी होस् ।'

हामीले गोठ छोड्यौँ । केही पुराना कपडा, केही भाँडा र पेमीको करुवा बोकेर धरान झर्यौँ । शहर हामीजस्ता मानिसका लागि सजिलो थिएन । त्यहाँ कसैलाई कसैको मतलब थिएन, तर गरिबीले सबैलाई एउटै लाइनमा उभ्याउँथ्यो । धरानमा पहिलोपटक हामीले अलिकति स्वतन्त्र सास फेर्यौँ ।

यहाँ कम्तीमा मानिसहरूले खुला रूपमा "भोटेनी" भनेर कराउँदैनथे । तर भाग्य फेरि पनि सजिलो थिएन । एकदिन काम गर्दै गर्दा म तीनतलाबाट खसेँ । मेरो खुट्टा भाँचियो । महिनौँ ओछ्यान पर्ँे । घर चलाउने जिम्मा पेमीमाथि आयो । ऊ बिहानै बजार जान्थी । राति अबेर फर्किन्थी । म उसको अनुहारमा थकानका डोबहरू देख्थेँ ।

त्यो रात मलाई आफ्नो पुरुषत्वमाथि घृणा लाग्यो । समाजले मलाई बाहुन भनेर ठूलो बनाएको थियो, तर आफ्नी स्त्रीलाई सुरक्षित राख्न सक्ने सामर्थ्य पनि थिएन । दिनहरू फेरि कठोर हुँदै गए । म लड्डाउँदै काममा जान थालेँ । पेमी अझै ढाका बेच्थी । तर उसले कहिल्यै गुनासो गरिन । ऊ अझै पढ्दै गई ।

समयसँगै ऊ शहरकै कलेज पुग्ने पहिलो "जात नमिलेकी" छोरी बनी । मानिसहरूले बिस्तारै हाम्रो कथा बिर्सिन थाले । मैले भयालबाट बाहिर हेर्ेँ । कतै ठाडा अरुण बगिरहेको थियो । त्यही अरुण, जसले एकदिन एउटी भोटेनी केटीलाई लिन खोजेको थियो । तर नदीले त्यो दिन उसलाई पाएन । शायद नदीले बुझ्यो- केही मानिसहरू मनैका लागि होइन, समाजको ऐनामा दरार पार्न जन्मिएका हुन्छन् । अरुणिमा काठमाडौँ गएपछि पेमीमा एउटा अनौठो स्तब्धता थियो । पहिले ऊ साँझपख म आउँदा ढोकासम्म आइपुग्थी ।

पहिले ऊ धेरै बोल्थी । अहिले मुस्कानले मात्र काम चलाउँथी । उसको हाँसोमा पनि कता कता थकानको धुलो जम्न थालेको देखिन्थ्यो । 'दाजु रे !' चौतारोमा हाँसो उठ्थो । 'अँ अँ ! मामा रहेछ र पो भान्जीको अनुहार मिल्ने !' मानिसहरू फेरि रमाए । समाजले नयाँ मसला पाएको थियो ।

स्वास फेर्ने मूर्ति

कविता :

✍सुरज राना

अन्धकारले स्वास निमोठ्छ
वेलगाम दौडन चाहन्छन् खुट्टा
अस्तित्वमा जकडिएको छ अहम्को धुलो
यदि यस्तो नहुँदो हो त
ठान्न सक्ने थिइनँ आफूलाई ज्यूँदो मानिस
।।
ओठ थर्थराउँदैनथ्यो त उत्पात भोकले
दाँतहरू किटिइँदैनथ्यो त दासता विरुद्ध
आँखाले देख्दैनथ्यो त उच्च उडानको
सपना औंलाहरू एकठिएर
मुठी कड्किट्ट बन्दैनथ्यो त जुलुमको प्रतिशोधमा
या पैतलाले टेक्न डराउँथ्यो भने आगाको हिमाल
कसरी ठान्ने आफुलाई जीवित ?
।।
ज्यूँदो हुनु भनेको त केही हुनु हो
'केही हुनु भनेको विध्वंस या
बवण्डर हुन सक्छ वा हुन सक्छ
एलिटहरूको रक्सी पिएर मातिएको
अदालतको फैसलामा आगो लागोस्
हुन सक्छ उपेक्षाको कर्कश सुर
अलापने यन्त्रको घाँटी न्यिक्रियोस्
हुन सक्छ ।
।।
पुर्खाको बलिदानमाथि टेकेर
निर्लज्ज हाँसिरहने दरबारको सिसामा
आवेगको एउटा बुङ्गा टकराओस्
केही हुनु भनेको जे पनि हुन सक्छ
ज्युदो हुनु भनेको केही हुनु हो
।।
ज्यूँदो हुनु भनेको
पैतलामा गति हुनु हो
रगतमा तापक्रम
आँखामा सपना
र ओठमा आवाज हुनु हो
।।
ज्यूँदो हुनु भनेको
प्रतिकृया प्रतिवाद
या प्रतिपक्ष हुनु हो
।।
ज्युदो हुनु भनेको केही त जरूर हो ।

घामकिरी

✍मधुर भट्टराई

के हो भन्थें आकाशमा उड्ने फिरिफिरी
आखिरमा थाहा पाएँ रैछन् घामकिरी ।
।।
कति धेरै रङ्गीचङ्गी कति धेरै हुल
यस्तो लाग्यो हावासँगै उडेका छन् फूल ।
उडेका पो कता होलान् लामा प्वाँख भिरी
बादलको देश जाने हो कि घामकिरी ?
।।
पुच्छर पनि लामा-लामा हेलिकप्टर जस्तै
उडिमात्रै रहन्छन् कि जान्छन् कतै बस्दै ?
पात हल्लाई हावा पनि चल्यो सिरिसिरी
हावा चलेकै दिशातिर उडे घामकिरी ।

मौन विद्रोह चेतनाको अन्तर्मौन क्रान्ति

कविता :

✍नरेन्द्रनाथ भट्टराई

मलाई हेरिरहेका तिमीहरू
यो अनुहारको शान्त मुस्कानलाई केवल
सहजताको आवरण नठान ।
यस मुस्कानभित्र समयले बिस्तारै कोरेका
अनगिन्ती रातहरू छन्
बोलेर पनि नबोलेका थकाइहरू
टुटेका विश्वासका अवशेषहरू
र अझै नाम नपाएका चर्याइरहेका घाउहरू ।
।।
मानिस बाहिरबाट पूर्ण देखिन्छ
तर भित्र ऊ आफ्नै प्रश्नहरूको भीडमा
निरन्तर अधुरो बाँचिरहेको हुन्छ ।
यो गिलासमा रक्सी होइन समय हो
आफ्नै तौलले पग्लिरहेको ।
उमेरसँगै मानिसले जीवन पिउँछ
अनुभवको तितोपन, गल्तीहरूको अर्थ
र आफूभित्रै हराउँदै गएको मौनताको स्वाद ।
।।
मैले संसारलाई ठाढाबाट हेर्न सिकेँ
भीड छ, तर साथ छैन ।
अनुहार छन्, तर स्पर्श छैन
शब्द छन्, तर अर्थ हराएको छ ।
मानिसहरू हिँडिरहेका छन्
तर धेरैजसो केवल उपस्थित छन्
जीवित होइनन् ।
।।
ऊ घर बनाउँछ, तर
आफ्नै भित्रको स्थान साँघुरिन्छ ।
ऊ उज्यालो किन्छ, तर शान्ति बेच्दछ ।
ऊ सम्बन्धहरू जोड्छ,
तर विश्वासहरू क्रमश: टुट्दै जान्छन् ।
अन्तत ऊ बुझ्छ गरिबी सम्पत्तिमा होइन
चेतनाभित्र गहिरो गरी लुकेको हुन्छ ।
।।
म चुप छु भनेर मलाई कमजोर नठान
किनकि केही सत्यहरू आवाजभन्दा
पहिले मौनतामा जन्मिन्छन् ।
आवाजले क्षण हल्लाउँछ,
तर मौनतालै समय बदल्छ ।
।।
मैले मानिसलाई अनुहारले होइन, उसको
एक्लोपनले चिन्न थालेँ ।
किनकि आजको संसारमा सबैभन्दा
घना भीड त्यही आत्माभित्र हुन्छ
जो बाहिरबाट सबैभन्दा खाली देखिन्छ ।
मानिस मृत्युबाट डराउँछ, तर
अझ गहिरो विडम्बना यो हो
ऊ धेरै समयदेखि साँच्चिकै बाँचेकै हुँदैन ।
।।
किनकि बाँच्नु केवल स्वास होइन
अन्याय देख्दा भित्र कम्पन हुनु हो
कसैको पीडामा मन अस्थिर हुनु हो
र डर हुँदाहुँदै पनि सत्यको छेउमा उभिनु हो ।
।।
प्रविधिले संसार जोड्यो, तर मानिसलाई
आफैँबाट टाढा पुऱ्यायो ।
उसले हजारौँ सम्बन्ध पायो, तर एउटा
विश्वासिलो मौन गुमायो ।
अब सम्बन्ध छन्, तर गहिराइ छैन ।
शब्द छन्, तर आत्मा छैन ।
मैले धेरै सफल मानिसहरू देखेँ
जसले संसार जिते, तर आफूलाई हराए ।
।।
त्यसपछि मैले दौडिन छोडेँ ।
किनकि मैले बुझेँ सबैभन्दा छिटो दौडनेहरू पनि
भित्रभित्रै आफूबाट भागिरहेका देखिन्छन् ।
अब म उपदेश दिइरहेको छैन,
म केवल एउटा प्रश्न छोड्दै छु
यदि मानिससँग सबै छ, तर ऊ आफैँसँग छैन भने
यदि उज्यालो बढ्दै जाँदा आत्मा अँध्यारो हुँदै
जान्छ भने यदि सभ्यता बढ्दै जाँदा संवेदना
घट्दै जान्छ भने
हामी वास्तवमा कहाँ पुगेका छौँ ?
।।
म शान्त छु किनकि अब मलाई संसार बदल्ने
आग्रह छैन म केवल चेतना जोगाउन चाहन्छु ।
त्यो चेतना, जसले अरूको पीडालाई देखेर
मौन बस्दैन
बरु भित्रैबाट कम्पन भएर उठ्छ ।
किनकि अन्त्यमा एउटै सत्य बाँकी रहन्छ
मानिसको नाम समयले मेटाउन सक्छ
तर उसको संवेदना, उसको व्यवहार, उसको मौनता
समयभन्दा लामो बाँचिरहन्छ ।
।।
सायद, मानिसहरूले मेरो अन्त्य सम्झिने छैनन्
तर मैले उनीहरूभित्र उठाएको प्रश्न
उनीहरूको आफ्नै मौनतामा सधैँ बाँचिरहनेछ ।

भ्रमको काख र आमा

कविता :

✍दिलीप श्रेष्ठ

१: आमा
जीवनका गोरेटोहरूमा
मैले आमा, सानीआमा, सौतेनीआमा
र अरू धेरै आमाहरूको
मातृत्व, करुणा र क्रोध भोगेको छु
।।
मेरो त्यो भोगाइले
समय घर्किसकेपछि मात्र थाहा पायो कि
सबै आमालाई "आमा" मान्नु
धोका र भ्रम पनि हुन सक्ने रहेछ
।।
किनकि पुतनाले
आमा बनेरै कृष्णलाई
विषालु काखमा राखेकी थिइन्
।।
२. परम्परा
परम्पराको नाममा
राउटेलाई अझै जङ्गलमै छाडिएको छ
सहर त्यसैमा खुसी छ
गाइनेलाई अझै
सारङ्गीको धुन बोकेर
गाउँ चाहानं विवश पारिएको छ
संस्कृति त्यसैमा खुसी छ
र परम्पराकै नाममा
अझै हजार चोट दिएर
भक्कुको रोंगो मारिएको छ
मानवता त्यसैमा खुसी छ
।।
तर के यो परम्पराको खुसी
सबैका लागि सधैँका निम्ति हुन सक्छ ?
परम्परा त आखिर
"सतीप्रथा" पनि परम्परा नै थियो

ढिँडोको माहात्म्य

✍डा. अमर कार्की

कोदोको ढिँडो खन्डेथालमा ! त्यो पनि खसीको मासुसँग सुन्दै अनौठो लाग्ने है । तर, आजकाल लाग्दैन । उहिले हाम्रो हजुरआमा भन्नु हुन्थ्यो: ढिँडो चुपचाप खानु तर भात थाल ढटाएर खानु । त्यतिबेला गाउँको प्रायः सबैको भान्सामा दिनहुँ पाक्ने भनेकै ढिँडो थियो । तैपनि ढिँडोलाई हेला गर्थे । म बुझैनथेँ ढिँडोलाई यति धेरै हेला किन गरेको होला ?

नमिठो भएर हो भनौँ भने गुन्द्रुकको झोलमा पनि एक थाल ढिँडो जान्थ्यो । सजिलै प्राप्त हुने र सस्तो भएर भनौँ भने नेपालका कति भेगमा मकै र कोदोको उत्पादन नै हुँदैन थियो । अहिले त भने हुँदैन । त्यही पिठोको रोटी बनाएर खाँदा ईज्जत नजाने अनि पानीमा पकाएर खाँदा हेप्ने!

हेला नि कतिसम्म भने नि हरेक दिन ड्याम्म पेट भर्न ढिँडो नै चाहिने भए पनि शुरुमा औसानी हाल्न र देउतालाई चढाउन भनेर एक गाँस र अन्तमा बिर्को लगाउन भनेर दुई/चार गाँस भात त थालमा नभै नहुने । मलाई त्यतिबेला ढिँडो र छोरीहरू उस्तै लाग्थ्यो । प्रायः सबैका छोरी हुन्थे तर तिनीहरूलाई पनि ढिँडोलाई झैं हेला गरि-न्थ्यो । जसरी पेट भर्न हरेक दिन ढिँडो नै खानु पर्ने भए पनि चाड पर्वमा चामलको भात खाने चलन थियो त्यस्तै ४/५ जना छोरीहरू भए पनि वंश जोगाउन र स्वर्गको ढोका खोल्न छोरा नै खोज्दथे वा आमाले । छोराको जन्मलाई गर्वले प्रचार गर्थे भने छोरी जन्मदा शरम र दुख मान्थे । ढिँडो खानु गरिबीको पहिचान मानिन्थ्यो । सकेसम्म ढिँडो खाएको कुरा खुलेर गर्न कोही पनि चाहँदैन-थे । ढिँडो खानेको घरमा छोरी नदेलान कि भन्ने पिरले होला । १५ गते नामक टेलीचलचित्रमा भान्साबाट पर्याकेको ढिँडोले छिमेकीको गाला पोलेपछि हरि वंशको आफ्नै लभरसँग विहे हुन नसकेको हामीले हेरेकै हो ।

हामीले अलि ठुलो स्वरमा ढिँडोको चर्चा गर्‍यौं भने हजुरआमालाई पिर पर्थ्यो । "बाटोमा हिँड्नेले सुन्लान् कति भट्याको" भनेर गाली गर्नु हुन्थ्यो । एउटै देशमा पहाडकाले ढिँडो खाने तर मधेसकाले भात । एउटै गाउँमा मुखियाले भात तर हलीले ढिँडो । अनि एउटै परिवारमा लोग्ने मान्छेलाई भात तर स्वास्नीमान्छेलाई चिसो ढिँडो । कतिसम्म पक्षपात त ल ! त्यति मात्रै हो र भात खान पहिले जागिर खानुपर्ने । ढिँडो र बेरोजगारको लागि त उखान नै छ नि 'खायो ढिँडो हल्यो हिँड्यो ।'

छोरालाई पढ्न स्कूल पठाउने तर छोरी लाई घरधन्दा र मेलापात गर्न लगाए भैं भातलाई मासु र दाल तर ढिँडोलाई भने गुन्द्रुकको झोल र सिस्नोको तरकारीमा टार्ने चलन थियो । भातलाई चरेसको थाल वा स्टिलको खन्डेथाल तर ढिँडोलाई सिलभरको थाल । जब जब म कोदोको ढिँडो खान थाल्छु तब हजुरबाले भनेको सम्झन्छु । उहाँ भन्नु हुन्थ्यो कोदो कुअन्न हो । उहिले त सायद कोदो कहिले मुखमा हाल्नु भएन होला । भोज भतेरमा नपाकने अनि श्राद्धको पिन्डो पनि नबाटिने ढिँडोलाई आजकल इज्जत र सम्मान दिन थालिएको छ । भात भए त खुसीनिसाइ नि बाजा बजाएर लिन आउँछ भन्नेहरू अहिले भान्चामा ढिँडो मस्काइरहेका भेटिन्छन् । नेपाल गएको बेलामा लौ जाउँ बाहिर कतै रेस्टुरेन्टतिर खान भन्यो भने बहुमतले ढिँडो र माछाकै भोलकोलागि प्रस्थात रेस्टुरेन्ट रोज्दछन् ।

उबेला म आफैलाई ढिँडो खानु पर्दा दु:ख पाए जस्तो लाग्थ्यो । भातको आस लागि रहन्थ्यो । हामीले अहिले ढिँडो थरि थरिका तरकारी, माछा, मासु, दुध र दहीको साथमा ज्युनार गर्न पाएका छौँ र पो यति धेरै तारिफ गरेका छौँ । रातोदिन प्याज र खुसानीको टुकासँग निस्तो ढिँडोको डल्लो कुप्लुक्क निल्नुपर्ने व्यक्तिहरूलाई सोछ्न पर्छ ढिँडो खानुको पिडा । एकदिन नेपालका सुपरस्टार राजेश हमाल "हेर्ने कथा" भन्ने कार्यक्रममार्फत् एउटा पिछाडिएको गाउँमा पुगेका थिए । त्यहाँ एकजना नानीले हरेक दिन ढिँडो खानु परेको पिरलो पोखेपछि राजेश हमालले भातभन्दा त ढिँडो जाती र मिठो हुन्छ नि भनेर सम्झाउन खोजेका थिए । तर उन्लाई त्यो कुरो चित्त बुझेन । उनले भनिन्, "होइन खान पाए त भात नै मिठो र हितकर हुन्छ ।"

उतिबेला ढिँडोको साथी गुन्द्रुक, सुकेको साग आदि यस्तै हुन्थ्यो । यदि छिमेकमा कसैको घरमा मोही पारेको छ भने मोहीसँग ढिँडो मुछेर खाँदा भने अलि रसिलो हुन्थ्यो । त्यही मोही पनि अहिले हामीले बालमार्ट र पवलिक्समा किन्ने बटर्रमिल्क (मोही) जस्तो बाक्लो र मिठो कहाँ हुन्थ्यो र ! हरेकदिन कुँडेमा उमालेको दुधको तर र बचेको एक डाडु दुधलाई ठेकीमा जमाउदै जाने चलन थियो । ठेकी भरिन एक हप्तासम्म लाग्थ्यो त्यसैले दही अमिलो र तितो भैसक्थ्यो । त्यही एक ठेकी दहीलाई घारघुर पारेर नौनी निकालेपछि बाँकी रहेको मोहीमा पानी थपेर पातलो बनाउनु हुन्थ्यो आमाहरूले । खलकभरि भात पुऱ्याउनु जो थियो । ढिँडोको अर्को साथी हुन्थ्यो कालतोरीको साग । कालतोरीको साग आफैमा तितो अनि कसरी छिरोस ढिँडो त्योसँग घाँटीबाट ! रायो र चम्सुरको साग र फसींको तरकारी, दही आदि मिलेको दिन मात्र मलाई ढिँडो खाद्यान्न हो जस्तो लाग्थ्यो । सालमा मुस्किलले २/३ पटक घरमा मासु पक्थ्यो । तर, मासु पाकेको दिनमा घरमा सधैँ भातै पाक्थ्यो । फेरि हामी केटाकेटीलाई जिब्रो बाढो हुन्छ भनेर बाले अचार पनि खान नदिने । त्यसैले पनि सानोमा खासमा मेरो ढिँडोसँग राम्रो मित्रता बसेन ।

आजकल उल्टो भएको छ । ढिँडो मिठो र पकाउन छिटो लाग्न थालेको छ । घिउ हालेर पकाएपछि र माछा वा खसीको मासुको झोलसँग चोपेर खान पाउने भएपछि ढिँडोको स्वाद पनि किन न फेरियोस त । ढिँडो खाएको कुरा लुकाउन भन्दा बताउन रमाइलो र गर्व लाग्छ । बुढ्यौलीतिर लागेर हो कि पुगिसरी आएर हो कुन्नी आजकल त्यही कालतोरी र सुपको साग वा गुन्द्रुकको झोलसँग पनि एक प्लेट ढिँडो त सजिलै जान्छ हो । क्याटफिसको टाउकाको झोल र ट्वाक्क पिरो गोलभेँडाको अचार अनि सानो कचौरामा दही राखिदिएपछि ढिँडोको नाम सुन्दा नै नाक खुम्च्याउने श्रीमतीजी पनि "मलाई एक गाँस ढिँडो है बुढा" भन्छिन् ।

: समाप्त :

मकवानपुरमा आज

१: जानकारीमा नआएको ।

तपाईंको आज

मेष नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन् । श्रमको उचित मूल्यांकन हुनेछ । पढाइमा ध्यान केन्द्रित हुनेछ, प्रगति हुनेछ ।

वृष प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ व्यापारमा थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ, प्रयत्न गर्दा छोटो समयमै काम बनाउन सकिनेछ ।

मिथुन सम्भावना र अवसर खोजी गर्ने समय छ । आजको महिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन साथीको सहयोगले हिम्मत दिलाउनेछ ।

कर्कट दिगो फाइदा हुने योजना कार्यान्वयन गर्न सकिनेछ । सामाजिक दायित्व बढ्नेछ सानो प्रयत्नले समाजका लागि फाइदा हुने काम सम्पादन गर्न सकिनेछ ।

सिंह केही फाइदा लिन अर्को वस्तु त्याग्नु पर्ला । व्यवसायमा लगानी बढाउनु पर्ने समय छ । सरसापटमा धन बाहिरिन सक्ने योग देखिनेछ ।

कन्या स्वास्थ्यमा कमजोरी अनुभूति हुन सक्छ । खानपान र आहारविहारमा ध्यान पुऱ्याउनुहोला केही उपलब्धिको स्रोत भने पहिल्याउन सकिनेछ ।

तुला तारिफयोग्य पहिरन, व्यक्तित्व र कामले चर्चित भइनेछ । विशेष उपहार प्राप्त हुन सक्छ । घुमफिर तथा मनोरञ्जनको समय छ ।

वृश्चिक श्रमको राम्रै मूल्यांकन भए पनि प्रतिफल तत्काले प्राप्त नहुन सक्छ । भएको आम्दानी र सञ्चित रकमसमेत खर्चनु पर्ने योग देखिएको छ ।

धनु भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुनेछ । मित्रता र प्रेमको बन्धन कसिलो हुनेछ ।

मकर श्रम परे पनि सुखद् समाचारले उत्साह जगाउनेछ तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ । बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ ।

कुम्भ आम्दानीका स्रोत पनि बढ्नेछन्, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । अध्ययनमा प्रगति हुनेछ र अनुभवलाई निखार्ने अवसर प्राप्त हुनेछ ।

मिन समृद्धायको हितमा राम्रै काम गर्न सकिनेछ । टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ । भाग्यले विभिन्न अवसर थमाउने योग छ ।

हाम्रो सम्पर्क ठेगाना
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७०२३६, समाचार शाखा : ९८०१०६७०२३६
विज्ञापन शाखा : ९८६५१७७५१३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

हिंडाइ औषधी

✍चेतप्रसाद पौडेल
(सैपुले साहिलो)

दैनिक	बिन्दछ	सुखमा
हिडाइ	जीवन	जीवन
जरुरी	निरोगी	फुल्दछ
देखिन्छ ।	रहेर ।	फल्दछ ।
॥१॥	॥४॥	॥७॥
निरोगी	बिहान	मानव
जीवन	देखि नै	जीवन
भनेर	नसुते	खुसीले
लेखिन्छ ।	सम्मको ।	चल्दछ ।
॥२॥	॥५॥	॥८॥
प्रकृति	यथार्थ	हिडाइ
आहार	निचोढ	अचुक
बिहार	निकाल्दै	औषधी
भएर ।	जम्मैको ।	पनि हो ।
॥३॥	॥६॥	॥९॥

उकाली ओराली दौडेर गाउँमा ।
आएर बस्नुस आफ्नै त्यो ठाउँमा ॥

बहुवर्षीय आयोजनाका लागि साढे ५४ अर्ब सुनिश्चित

काठमाडौं/सरकारले देशभरका महत्वपूर्ण बहुवर्षीय आयोजना सम्पन्न गर्न साढे ५४ अर्ब बराबरको स्रोत सुनिश्चित गरेको छ । सरकारले करिब पहिलो पटक ती आयोजनाले मागेअनुसार बजेटको स्रोत सुनिश्चितता प्रदान गरेको हो। अर्थ मन्त्रालयले बहुवर्षीय आयोजना अन्तर्गत् २१ आयोजनाहरुको स्रोत सुनिश्चितता गरेको हो ।

अर्थमन्त्री स्वर्णिम वाग्लेको अध्यक्षतामा बसेको मन्त्रिस्तरीय निर्णयमार्फत् बहुवर्षीय आयोजना-हरुको स्रोत सुनिश्चित गरी सहमति प्रदान गरेको हो । मन्त्रालयस्रोतका अनुसार राष्ट्रिय योजना आयोगको सिफारिसअनुसार बहुवर्षीय आयोजनाको स्रोत सहमतिसम्बन्धि (पहिलो संशोधन) मापदण्ड २०८२ को दफा ४ को उपदफा (२) र दफा ७ को खण्ड (ग) अनुसार प्रचलित कानुन र स्वीकृत मापदण्डअनुसार खर्च गर्ने गरी स्रोत सुनिश्चितताको सहमति प्रदान गरिएको हो ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका उच्च अधिकारीका अनुसार यसअघिका वर्षहरुमा प्रस्ताव गरिएको बजेटको मुस्किलले १० प्रतिशत्सम्म बजेटको स्रोत सुनिश्चितता भइरहेको अवस्थामा चालु आर्थिक वर्षमा भने प्रस्ताव गरेअनुसार नै अर्थ मन्त्रालयले बहुवर्षीय आयोजनाको लागि बजेटको स्रोत सुनिश्चित गरेको हो । थोरै बजेटको स्रोत सुनिश्चित हुँदा अधिकांश राष्ट्रिय गौरवका आयोजना, रणनीतिक आयोजना र महत्वपूर्ण आयोजनाहरु लक्ष्यअनुसार प्रगति हासिल गर्न पाएका थिएनन् ।

'आयोजनाहरु सुस्त हुनुमा बजेटको अपर्याप्तता पनि ठूलो कारक तत्व थियो । तर, यसपटक भने प्रस्ताव भएअनुसार हाराहारीमा बजेटको स्रोत सुनिश्चितता भएर आएको छ । यसले गर्दा निर्माण कार्य सम्पन्न गर्न निकै सहज हुनेछ,' मन्त्रालयका ती अधिकारीले भने-यसअघि सहमति जुट्न नसकेका कारण आयोजना ओझेलमा परेका भए पनि हाल स्रोत सुनिश्चित भएपछि स्थानीय स्तरमा समेत उत्साह थपिएको छ ।

उनका अनुसार स्रोत सुनिश्चित भएर आइसकेपछि आगामी २ देखि ३ महिनाभित्र ठेक्काको सूचना आह्वान गरिसक्नु पर्नेछ । मन्त्रालयले ४ बुँदे सर्त तोकेर ती आयोजनाहरुका लागि स्रोत सुनिश्चितताका लागि सहमति प्रदान गरेको हो ।

जसअनुसार मन्त्रालयले बहुवर्षीय आयोजनाको आगामी वर्षका लागि सिर्जना हुने दायित्व सम्बन्धित मन्त्रालय वा निकायले मध्यमकालीन खर्च संरचनामा समावेश गरी प्राप्त बजेटको सीमाभित्र इयरमार्क गरेर बजेट प्रस्ताव गर्नुपर्ने सर्त तोकेको छ । आयोगबाट सिफारिस भएका कतिपय आयोजनाको दुई वा त्यसभन्दा बढी कम्पोनेन्ट भएको अवस्थामा बहुवर्षीय आयोजनाको स्रोत सहमतिसम्बन्धि मापदण्ड २०८२ को दफा ३ को उपदफा (३) अनुसार उक्त कम्पोनेन्ट, खण्ड र क्रियाकलापहरुमा विनियोजनको सीमासम्बन्धित मन्त्रालयबाट यकिन गरेर उक्त सीमाभित्र रहेर खरिद प्रक्रिया अगाडि बढाउनु पर्नेछ । खरिद प्रक्रिया अगाडि बढाउनुअगावै बहुवर्षीय स्रोत सहमति लिएका आयोजनाको कम्पोनेन्ट, क्रियाकलाप र खण्डअनुसार विवरण मन्त्रालयगत् बजेट सूचना प्रणाली (एलएमबीआईएस) मा प्रविष्ट गर्नुपर्ने तथा स्रोत सहमति प्राप्त आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि स्रोत सहमति प्राप्त भएको आर्थिक वर्षभित्र खरिद प्रक्रिया अगाडि नबढाएमा स्रोत सहमति निष्क्रिय हुने सर्तसहित स्रोत सहमति प्रदान गरिएको मन्त्रालयले जनाएको छ ।

कुन आयोजनाका लागि कति ?

मन्त्रालयले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयतर्फको हुलाकी राजमार्ग आयोजना निर्देशनालय अन्तर्गत् हुलाकी राजमार्ग पुलसमेत (६९ पुल, १० कल्भर्ट, १५०.०९ किलो मिटर दुरी भएको ७ सडक) निर्माणका लागि २९ अर्ब ७ करोड १९ लाख ३५ हजार बराबर स्रोत सुनिश्चित गरेको छ ।

डुम्रे बेसीसहर-चामे-मनाङ सडक योजनाअन्तर्गत् डुम्रे बेसीसहर -चामे-मनाङ सडक (बाइसजाँगर-पाउँदी) निर्माणका लागि ६८ करोड, कालीगण्डकी कोरिडोर बेनी जोमसोम कोरला सडक योजनाअन्तर्गत् कालीगण्डकी कोरिडोर बेनी जोमसोम कोरला सडक योजनामातहत छुसाङ पुलदेखि घमी (४०.२० किलो मिटर) निर्माण गर्न ३ अर्ब १५ करोड, तमोर कोरिडोर (सुभाङखोला-दोभान-ओलाङ्चुङगोला) सडक योजनाअन्तर्गत् इलाडाँडा-ओलाङ्चुङगोला सडकखण्ड निर्माणका लागि ५२ करोड र मिर्चैया-कटारी-घुर्मी सडक योजनाअन्तर्गत् सिमलटारदेखि बेतिनीसम्म (३०.५ किलो मिटर) सडक निर्माण गर्न ३ अर्ब ९४ करोड ५५ लाखमध्ये ३ अर्ब ९४ करोड ५४ लाख बराबर स्रोत सुनिश्चितता भएको छ ।

उत्तरदक्षिण कोशी सडक आयोजना संखुवासभाअन्तर्गत् खाँदबारी-किमाथांकाको दोभान-बरुण सडकखण्ड चानेज नम्बर (५३ प्लस ०० देखि ७७ प्लस ७ सयसम्म) का लागि २ अर्ब ४३ करोड ४ लाख ८३ हजार, सोही आयोजनाअन्तर्गत् खाँदबारी-किमाथांकाको घोडघप्पा-किमाथांकाको लागि १ अर्ब ५९ करोड १३ लाख ३० हजार तथा सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडकअन्तर्गत् कञ्चहवा-रुद्रपुर-सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडकको मैदाने-बलेबाङ अर्घाखाँची (चानेज नम्बर ४४ प्लस ४ सय देखि ५८ प्लस श्री जिरोसम्म), बतासेडाँडादेखि देवीस्थान बागलुङ (चानेज नम्बर १६० प्लस श्री जिरोदेखि १६२ प्लस ८ सयसम्म) र मध्यपहाडी लक्ष्मीकुण्ड, बागलुङ (चानेज नम्बर १६६ प्लस ३ सयदेखि १६८ प्लस श्री जिरोसम्म) को लागि ८९ करोड ४९ लाख बराबर स्रोत सुनिश्चितता भएको छ ।

सडक डिभिजन चरिकोट अन्तर्गत् रणनीतिक सडक पुल निर्माण तथा पुलपुलेसा संरक्षण अन्तर्गत् कम्पोनेन्ट नम्बर ९२१ विपद्बाट क्षति भएका सडक तथा पुलहरुको पुनर्निर्माण क्रियाकलाप (लिपिङ ब्रिज-अरनिको हाइवेको चानेज नम्बर ११४ प्लस श्री जिरो) का लागि १० करोड १५ लाख ८० हजार, सोही आयोजनाअन्तर्गत् लार्चा ब्रिज (अरनिको हाइवे चानेज नम्बर १०८ प्लस ८ सय) का लागि २५ करोड २८ लाख ७६ हजार तथा सोही आयोजनाअन्तर्गत् राजमार्ग स्तरोन्नति तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत् कम्पोनेन्ट नम्बर ३४५ (भिट्टामोड-जलेश्वर-बर्दिबास-खुर्कोट-मन्थली-तामाकोशी-सिंगटी-लामाबगर-लाप्चेगाउँ सडकको सिंगटी लामाबगर) का लागि ८६ करोड ३८ लाख ५४ हजार स्रोत सुनिश्चित भएको छ ।

यसैगरी रेल, मेट्रो रेल तथा मोनोरेल विकास आयोजनाअन्तर्गत् काठमाडौं उपत्यका मेट्रो रेलको विस्तृत अध्ययन तथा सम्भाव्यता अध्ययनका लागि ३२ करोड ३७ लाख ९२ हजार र गोरखा सडक योजनाअन्तर्गत् बेनीघाट-आरुघाट-लार्केभञ्ज्याङ सडक कामीडाँडादेखि धार्चे गापा दोभान (चानेज नम्बर ६० प्लस ५ सयदेखि ७० प्लस ५ सयसम्म) का लागि ५१ करोडको लागि स्रोत सुनिश्चित भएको छ ।

धनगढी-खुटिया-दिपायल-चैनपुर-उरैभञ्ज्याङअन्तर्गत् कैलाली जिल्लाको (काप्रा-चटकपुर) र डोटी जिल्लाको वीपीनगरदेखि करली खोलाका लागि ५९ करोड ९९ लाखमध्ये ५५ करोड, खुलालुसल्लिसल्ला सडक योजना कोल्टी बाजुरी अन्तर्गत् खुलालु-कोट, भुक्काखोला-पिलुचौर र तुम्च-सल्लिसल्लाका लागि ३ अर्ब १५ करोड १६ लाख तथा सोही आयोजनाको खुलालुसल्लिसल्ला सडकअन्तर्गत् ६ वटा पुलका लागि ६२ करोड ४३ लाख बराबर स्रोत सुनिश्चित भएको छ ।

अर्थ मन्त्रालयले हिल्सा-सिमकोट सडक आयोजनाअन्तर्गत् कर्णाली कोरिडोरको उत्तर खण्ड हिल्सा सिमकोट सडक आयोजना खार्पुनाथदेखि खरिखेत र खरिखेतदेखि सल्लिसल्लासम्मका लागि २ अर्ब ३३ करोड ७३ लाख, सडक डिभिजन ललितपुरअन्तर्गत् लेले भारदेव-चन्दनपुर ठूलो दुर्लुङ सडकका लागि ९९ करोड ९९ लाख १० र भेरी कोरिडोर (जाजरकोट-दुनै-मरिम-तिन्जे-धो) सडक योजनाअन्तर्गत् रिम्ना सडकखण्डको १४ वटा पक्की पुल निर्माणका लागि १ अर्ब २७ करोड २० लाख बराबर स्रोत सुनिश्चित गरी सहमति प्रदान गरेको मन्त्रालयले जनाएको छ ।

सडक डिभिजन दाङअन्तर्गत् तुलसीपुर जलकुन्दीदेखि दगौरा खोला (चानेज नम्बर ३४ प्लस श्री जिरो देखि ४० प्लस श्री जिरोसम्म) र टुनीबोटदेखि लुहाम (चानेज नम्बर ६३ प्लस ७ सयदेखि ६७ प्लस श्री जिरोसम्म) का लागि ५५ करोड र सहिद मार्ग सडक योजना रोल्पा अन्तर्गत् सहिद मार्ग घोराही-नुवागाउँ-तिला-घर्तीगाउँ-थवाङ-मुसिकोट-मैकोटअन्तर्गत् मिरुलदेखि छेरलावाङका लागि ७९ करोड २९ लाख बराबर स्रोत सुनिश्चितताका लागि सहमति प्रदान गरिएको छ ।

लघुकथा : 'आशा

धेरै दिनपछि नीताले आज दिउंसो फेरि मीठो परिकार बनाउन शुरू गरिन् । टिकटकमा सामग्री-हरूको सूची हेर्दै, सबै तयारी गरेपछि, पकाउनुअघि एकछिन् बैठकको सोफामा गएर खुइय्य गर्दै सुस्तरी बसिन् उनी ।

"आ क्या मेहनत गरेर पनि के गर्नु, आएर कुपुकुपु खाने त हुन्, होइन, यो के नयाँ कुरा खान पाइयो भनेर खुशी हुने होइनन्, आहा कति मीठो भनेर प्रशंसा गरे त मर्नु"

बेलाबेला नयाँ नयाँ, मीठो मीठो परिकार बनाउनु नीताको सोखको विषय थियो। दुई वर्षअघि विवाह भए यता त्यो सोखभित्र परि-कार मात्रै थिएन, त्यसभित्र एक मीठो कल्पना पनि थियो- श्रीमानले घरमा के मगमग बास्ना आयो भन्दै भान्सामा गएर यताउता खोज्दै गरेको कल्पना, अनि आहा यस्तो पो बनाइछ्यौ भनेर खुशी हुँदै उफ्रिएको कल्पना ।

तर, त्यो कल्पना कहिल्यै साकार नभएको अवस्थामा नीतालाई हिजोआज मीठो पकाउने जांगर मर्दै गईरहेको थियो ।

"के थाहा, आज चाहिं मीठो गन्धले तान्ने हो कि ?" नीतामा फेरि आशा पलायो। सुनिल अफिस बाट आइपुग्नु अगाडि नै उनले बडो महेनतले मीठोमीठो समोसा र छोला तयार पारेर भान्साको कुनामा लुकाइन् ।

आखिरीमा, सुनिल आए र प्रसन्न भई सोफामा बसे। अनुहारको चमक हेर्दा पक्कै पनि मीठो गन्ध उनले थाहा पाइसकेको जस्तो लाग्यो नीतालाई। उनी त्यसबारे केही बोल्छन् भन्ने आशामा नीता अरू नै काममा व्यस्त भए जस्तो गरेर आलटाल गर्न थालिन् ।

"खै, केही खाजा-साजा छ भने खाऊं न हौ ? आज झटपट खाएर हिंडिहाल्नु पर्नेछ" सुनिलले मोबाइल हेर्दै भने ।

"यो मान्छेको न नाकले काम गर्छ, न मनले ।" भन्ने सोच्दै दिक्दार भएर नीताले,"लु खानुस्" भन्दै प्लेटमा समोसा र छोला ल्याएर टेबुलमा ट्र्याँस्स राखिदिइन् ।

सुनिल चूपचाप समोसा खान थाले । एकोहोरो टेबुल परतिरको शून्यतामा हेरेर टोलाउंदै उनी मनमनै भन्दै थिए, "यसो, म आउने बित्तिकै, मैले नमागी चट्ट ल्याएर दिन्' मुसुक्क हाँस्न्' लुगा पनि अलि राम्रो चटक्क पारेर लाउन्' त्यत्रो विधि नयाँ लुगा र क्रिम-पाउडर किनेको छ' तर, लाउने चाहिं बजार र पार्टीमा अरूलाई देखाउनको लागि मात्रै ? मेरो अगाडि त संधैं त्यही एउटै रातो म्याक्सी ? त्यो पनि खुई लिसकेको छ' अनुहार हेर्दा मुख नधोए जस्तो देखिन्छ"

नीताले एक गिलास पानी पनि ल्याएर टेबुलमा राखिदिइन् र झण्डै झण्डै हप्काएको जस्तो स्वरले भनिन्, "ल पानी" अनि, मनमनले भनिन्, "खानेकुरा कस्तो लाग्यो भनेर पनि के सोध्नु ? मीठो लागे त आफैं पो तारिफ गर्नुपर्छ त ? जिब्रो पनि भगवानले बनाई दिएकै रहेछन् । हेर न, गाई भैंसीले घाँस खाए जस्तो"

सुनिलले उनीतिर पुलुक्क हेर्दै मनमनमा भने "अनि, मलाई खाजा दिन निहुरिनु पर्ने बेलामा पनि छातीमा त्यो शल चाहिं किन झुण्ड्याइरहनु परेको होला ? जति भने पनि लाग्दैन ?"

ग्रामीण क्षेत्रका विद्यालयमा पनि उल्लेख्य विद्यार्थी

दोलखा/ग्रामीण क्षेत्रका विद्यालयमा विद्यार्थी संख्या घट्दै गए पनि दोलखाको देउपुरे थलीमा रहेको देउराली प्राथमिक विद्यालय (प्रावि) मा भने उल्लेख्य संख्यामा विद्यार्थी छन् । कक्षा-४ सम्म पढाइ हुने देउराली प्राविमा एक सय दुई जना विद्यार्थी रहेको प्रधानाध्यापक रुपमाला पोत्रेलले बताइन् ।

दोलखाको कालिञ्चोक गाउँपालिका वडा नम्बर-५, लापिलाङ स्थित बन्देथली र देउपुरे थलीमा अधिकांश थामी समुदायको बसोबास छ । देउपुरेथलीमा रहेको देउराली प्राविमा एकजना खड्का थरका विद्यार्थीबाहेक बाँकी सबै थामी समुदायका विद्यार्थी अध्ययन गर्ने गरेको प्रधानाध्यापक पोत्रेलले बताइन् । थामी समुदायका सबै विद्यार्थी लगनशील, मेहनती र उत्कृष्ट रहेको प्रधानाध्यापक पोत्रेलको भनाइ छ ।

देउराली प्रावि रहेको ठाउँबाट करिब पाँच सय मिटर तल बन्दे-थलीमा लापिलाङ माध्यमिक विद्यालय (मावि) पनि छ । देउराली प्राविमा शिक्षकहरुको मेहनत र अभिभावकको सहयोगका कारण पढ्ने वातावरण राम्रो रहेकाले नजिक मावि स्कुल भए पनि विद्यार्थी संख्या राम्रो रहेको विद्यालय व्यवस्थापन समिति अध्यक्ष गंगा थामी बताउँछिन् ।

विद्यालयका पाँच शिक्षक मध्ये चार महिला छन् भने विद्यालय व्यवस्थापन समिति अध्यक्ष पनि महिला नै छन् । देउराली प्राविमा नीता फाउण्डेसनलगायत संस्थाहरुले समेत बेलाबेलामा सहयोग गर्दै आएकाले पनि विद्यार्थीहरुलाई उत्साह मिल्ने गरेको विद्यालय व्यवस्थापन समिति अध्यक्ष थामी बताउँछिन् ।

पछिल्लो नीता फाउण्डेसनले विद्यालयका सम्पूर्ण विद्यार्थीहरुका लागि स्कुल ब्याग र स्टेशनरी सामग्री उपलब्ध गराएको प्रधानाध्यापक पोत्रेलले बताइन् । अधिकांश विपन्न समुदायका विद्यार्थी अध्ययन गर्ने भएकाले फाउण्डेसनको सहयोग महत्वपूर्ण रहेको उनी बताउँछिन् ।

लुम्बिनी मन्त्रिपरिषद बैठकको निर्णय मन्त्रालय संख्या ८ कायम गर्ने तयारी

लुम्बिनी/प्रदेश सरकारले आगामी साउन १ गतेदेखि मन्त्रालय संख्या ८ वटा कायम गर्ने गरी तयारी अघि बढाएको छ ।

प्रदेश सरकारको कार्यसम्पादन-लाई चुस्त, छरितो र मितव्ययी बनाउने उद्देश्यसहित मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिलाई यथासिघ्र मन्त्रालयको संगठन संरचना पुनरावलोकन गरी प्रतिवेदन पेस गर्न जिम्मेवारी दिएको हो ।

सरकार प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थीका अनुसार मन्त्रालयको संख्या घटाउन बैठकले मन्त्रालयको संगठन संरचना पुनरावलोकन गरी प्रतिवेदन पेस गर्न जिम्मेवारी दिएको जानकारी दिए । लुम्बिनीमा हाल १२ वटा मन्त्रालयहरु छन् ।

प्रमुख सचिव कृष्णप्रसाद काप्रीको संयोजकत्वमा यसअघि गठन भएको संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिलाई प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ मा आवश्यक संशोधनको मस्यौदा सहित प्रतिवेदन पेस गर्न निर्देशन दिइने भएको छ ।

त्यस्तै, बैठकले उद्योग, पर्यटन तथा यातायात मन्त्रालयले सवारी साधन नवीकरण तथा पटके सेवा सञ्चालनसम्बन्धी प्रस्ताव स्वीकृत गरेको छ। अब आगामी आर्थिक वर्ष देखि यातायात व्यवस्था कार्यालय नभएको जिल्लाको हकमा सवारी दर्ता किताब नवीकरण (बिल बुक), अस्थायी बाटो इजाजत सेवा प्रदान गर्ने निर्णय गरिएको छ ।

गुल्मी, अर्घाखाँची, प्यूठान, रोल्पा, रूकुमपूर्व र बर्दियाको हकमा घरेलु तथा साना उद्योग कार्यालय बाट त्यो सेवा प्रदान गर्ने निर्णय भएको छ । साथै दाङ जिल्लाको हकमा घरेलु तथा साना उद्योग कार्यालयबाट समेत सञ्चालन गर्ने निर्णय गरिएको छ। त्यस्तै, बैठकले प्रदेश सचिवको पदमा जिम्मेवारी तोक्ने निर्णय गरेको छ ।

नारायणप्रसाद अर्याललाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सुशिला अर्याललाई आन्तरिक मामिला तथा कानुन मन्त्रालयको सचिवको जिम्मेवारी तोकिएको छ । बैठकले अध्ययन पूर्वस्वीकृति तथा अध्ययन बिदा स्वीकृति सम्बन्धी कार्यविधि, २०८३, आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावलीलाई प्रशासन तथा विधेयक समितिमा पठाउने निर्णय गरेको छ ।

वन तथा वातावरण मन्त्रालयले धार्मिक वन हस्तान्तरणका लागि नेपाल सरकारलाई सिफारिस गर्ने तथा निजी वनमा भएका रूखको कटान, उपयोग, ओसारपसार, बिक्री वितरणसम्बन्धी कार्यविधि, २०८३ लाई समितिमा पठाउने निर्णय भयो

बेरुजुमा सबैभन्दा अगाडि वन मन्त्रालय, दोस्रोमा सञ्चार

काठमाडौं/रित नपुऱ्याई गरिने खर्चमा वन मन्त्रालय र सञ्चार मन्त्रालय सबैभन्दा अगाडि देखिएका छन् ।

महालेखा परीक्षकको कार्यालयको ६३ औं प्रतिवेदनअनुसार वन तथा वातावरण मन्त्रालयमा लेखा परीक्षण गरिएको रकममध्ये करिब १४ प्रतिशत बेरुजु देखिएको जनाएको हो ।

त्यस्तै, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा ६.७ प्रतिशत बेरुजु देखिएको छ ।

आर्थिक वर्ष २०८१/८२ मा वन तथा वातावरण मन्त्रालयको ९ अर्ब ६४ करोड रूपैयाँ बराबरको लेखा परीक्षण गरिएकोमा १ अर्ब ३४ करोड रूपैयाँ बेरुजु देखिएको हो । यसमध्ये ७४ करोड २९ लाख रबपैयाँ असुल गर्नुपर्ने बेरुजु देखाइएको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको १७ अर्ब ३५ करोड रूपैयाँ बराबरको लेखा परीक्षण गरि एकोमा १ अर्ब १६ करोड रूपैयाँ बेरुजु देखिएको छ ।

यसमध्ये १ अर्ब १५ करोड रूपैयाँ बराबरको रकम असुल गर्न भनिएको छ ।

साविकको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको १ खर्ब २३ अर्ब रूपैयाँ बराबरको लेखा परीक्षण गरिएको थियो । यसमध्ये ३७ अर्ब ६३ करोड रूपैयाँ बराबर को बेरुजु देखिएको छ । बेरुजु रकममध्ये २ अर्ब २० करोड ८ लाख रूपैयाँ असुल गर्नुपर्ने बेरुजुमा राखिएको छ ।

सबैभन्दा कम बेरुजु भने गृह मन्त्रालयको देखिएको छ । यो मन्त्रालयको १ खर्ब २६ अर्ब रूपैयाँको लेखा परीक्षण गरिएकोमा ५७ करोड ७२ लाख रूपैयाँ बराबरको बेरुजु देखिएको महालेखा कार्यालयले जनाएको छ ।

बिचित्र संसार

वैज्ञानिकको रोचक खुलासा :

वर्षाको 'आवाज सुनेर जाग्छन् बीउ

एमआइटीका वैज्ञानिक-हरूले वर्षाको आवाजले माटोमुनि रहेका बीउहरूलाई अंकुरणका लागि संकेत दिन्छ भन्ने नयाँ खोज गरेका छन् । धानका बीउहरूले वर्षाको आवाज सुनेपछि ३० देखि ४०% छिटो अंकुरित हुने अध्ययनले देखाएको छ। बीउभित्रका स्टाटोलिथ नामका कणहरूले वर्षाको आवाजबाट उत्पन्न कम्पन महसुस गरी अंकुरणको सही समय निर्धारण गर्छन् ।

के माटोमुनि गाडिएका बीउहरूले आकाशबाट भएको वर्षाको आवाज सुन्न सक्छन् ? यो प्रश्न कुनै काल्पनिक कथाको हरफ जस्तो लाग्न सक्छ । तर, हालैको नयाँ वैज्ञानिक अनुसन्धानले यो तथ्यको पुष्टि गरेको छ ।

अमेरिकाको प्रतिष्ठित अनुसन्धान संस्थान एमआइटीका वैज्ञानिकहरूले यो रोचक खोज गरेका हुन् । वैज्ञानिकहरूका अनुसार जब वर्षाको पहिलो थोपा सुख्खा माटोमा खस्छ त्यो आवाज माटोमुनि रहेका बीउहरूले सुन्छन् अनि सुषुप्त अवस्थामा रहेका बीउहरू ब्युँझिन थाल्छन् । वर्षाको त्यही आवाज उनीहरूका लागि जीवन सुरु गर्ने संकेत बन्ने गर्छ ।

अध्ययनअनुसार विशेषगरी धानका बीउहरू वर्षाको ध्वनि सुनेपछि ३० देखि ४० प्रतिशतसम्म छिटो अंकुरण हुने गरेको पाइएको छ अर्थात् वर्षाको तप-तप आवाजले उनीहरूलाई सामान्य समयभन्दा धेरै छिटो उम्रिन मद्दत गर्छ । यो खोजले वनस्पतिहरू निस्क्रिय तथा चेतनाविहीन ठान्ने धारणालाई गलत सावित गरिदिएको छ ।

वैज्ञानिकहरूका अनुसार बीउहरूले केवल चिस्यान र पानीको मात्र प्रतीक्षा गर्दैनन्, उनीहरूले आफ्नो वरिपरिको वातावरणलाई पनि महसुस गर्छन् र त्यसकै आधारमा अब अंकुरित हुने सही समय आएको हो वा होइन भन्ने निर्णय लिन्छन् ।

बीउहरूले वर्षाको आवाज कसरी सुन्छन् ?

वर्षाका थोपा जब माटो वा पानीमा खस्छन्, तब ध्वनि तरंगहरू उत्पन्न हुन्छन् । यी तरंगहरूले माटो र पानीभित्र कम्पन पैदा गर्छन् । बीउहरूले यी कम्पनहरूलाई महसुस गर्न सक्छन् ।

वैज्ञानिकहरूका अनुसार बीउभित्र स्टाटोलिथ नामका धेरै साना कणहरू हुन्छन् जुन स्टार्चबाट बनेका हुन्छन् । जब वर्षाको आवाज बाट उत्पन्न कम्पनहरूले यी स्टाटोलिथहरूलाई हल्लाउँछन् तब बीउलाई संकेत प्राप्त हुन्छ कि अब पर्याप्त पानी आउने सम्भावना छ र वातावरण अंकुरणका लागि उपयुक्त भएको छ । यही कारणले बीउहरू छिटो अंकुरित हुन थाल्छन् ।

शोधकर्ताहरूले यो कुरा प्रमाणित गर्न करिब ८ हजार प्रकारका धानका बीउहरूमा प्रयोग गरेका थिए । केही बीउहरूलाई सामान्य चिसो/आद्र वातावरण दिइयो भने केहीमा वर्षाजस्तो आवाज र थोपा पर्ने प्रभाव सिर्जना गरियो ।

त्यसको नतिजा रोचक थियो। जुन बीउलाई वर्षाको आवाज सुनाइयो ती बीउहरू ३०/४० प्रतिशत छिटो अंकुरित भए । वैज्ञानिकहरूका अनुसार पानीमा ध्वनि तरंगहरू राम्रोसँग फैलिने हुनाले पानी वा चिसो माटोभित्र रहेका बीउहरूले यो आवाज अझ राम्ररी महसुस गर्न सक्छन् ।

यो अध्ययनले बिरुवाहरू हाम्रो सोचभन्दा धेरै बढी बुद्धिमान र संवेदनशील हुनुका साथै केवल प्रकाश, पानी र माटोमा मात्र निर्भर नभई आवाज र कम्पनलाई पनि महसुस गर्न सक्ने देखाएको छ ।

स्मरण रहोस् यसअघिका अध्ययनहरूले पनि वनस्पतीले सुन्नसक्ने तथ्य पत्ता लगाएका थिए । जसअनुसार केही विरुवाहरूले कीराले पात चपाएको आवाज सुनेर आफ्ना पातमा तितो रसायन उत्पादन गर्छन् । केही बिरुवाहरू छोएपछि बन्द हुन्छन् भने केही बिरुवाले गन्धप्रति प्रतिक्रिया जनाउँछन् । अब यसमा वर्षाको पानीको आवाज पनि थपिएको छ ।

त्यसैले वर्षाको तपतप आवाज केवल हाम्रो मनोरञ्जनका लागि मात्र होइन माटोभित्र लुकेका बीउहरूका लागि जीवनको सन्देश पनि हो ।.

आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा



आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ । स्थानः रातोमाटे भोर्ले ।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

राष्ट्रखबरद्वारा हेटौंडेली चेली सम्मानीत

सन्देश संवाददाता

हेटौंडा/लामो समयदेखि नेपाली संगीत, सञ्चार, रेडियो प्रसारण, सांस्कृतिक कार्यक्रम सञ्चालन तथा सिर्जनात्मक कला क्षेत्रमा सक्रिय रहि राष्ट्र तथा अन्तराष्ट्रिय क्षेत्रमा सुनौलो अक्षरले नाम लेखाउन सफल भएको भन्दै हेटौंडेली एक चेली काठमाडौंमा सम्मानीत भएकी छिन् ।

हेटौंडा-४ निवासी सुनिता सुईटेललाई मकवानपुरलाई कर्मभूमि बनाउँदै रेडियो जक्कीको रूपमा मनकामना एफएम, हेटौंडा एफएम तथा मकवानपुर एफएममार्फत नेपाली श्रोतामाझ मनोरञ्जनात्मक सूचना-मूलक तथा सांगीतिक क्षेत्रमा सक्रिय रहँदै सञ्चार क्षेत्रमा सशक्त उपस्थिति स्थापित गरेको भन्दै उनलाई बरिष्ठ कलाकार निर शाहले सम्मान गरेका थिए ।

लुईटेलले प्राप्त गरेको सम्मान पत्रमा संगीत क्षेत्रमा यहाँले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सहभागी भई विभिन्न प्रतिस्पर्धाहरूमा उत्कृष्ट सफलता हासिल गर्दै नेपाली संगीतको गौरवलाई उच्च बनाउनु भएकोले "स्वर एक साथ अनेक एनटीभी, अन्ताक्षरी", "अन्तर्राष्ट्रिय सा रे गा मा तथा 'मेगा फाइनल अन्ताक्षरी (गोवा, भारत) जस्ता प्रतिस्पर्धाहरूमा प्राप्त उपलब्धिहरूको सम्मान गर्दै सम्मानीत गरिएको संस्थाका अध्यक्ष राजेन्द्र लुईटेलले जानकारी दिए ।

गायिका लुईटेल सन् २०७० मा मकवानपुर जिल्लाकी उत्कृष्ट गायिका, २०६५ मा 'चिनारी संगीत पुरस्कार' बाट सम्मानित भईसकेकी कलाकार हुन् । विशेष गरेर हेटौंडामा आयोजना हुन मेला महोत्सवहरुमा आईल प्रतियोगितहरुमा निर्णायकको भूमिका निर्वाह गर्दै संगित क्षेत्रलाई मलजल गर्ने कार्यमा सक्रिय रहेकी गायिका हुन् ।

उनले यसअघि रेडियो मकवानपुरद्वारा 'जागरुक महिला सम्मान-२०७४" तथा माहभुमी साहित्य समाजद्वारा 'हातेमालो युवा सिर्जनशील सम्मान २०७८' द्वारा पनि सम्मानित भईसकेकी छिन् ।

गत बैशाख १ गते राष्ट्र खबर ग्लोबल स्टार्स सिजन २ ले काठमाडौंमा आयोजना गरेको कार्यक्रममा संगीतमा समर्पित सर्वोत्कृष्ट साधक तथा जीवित धरोहर सम्मान-२०२६ बाट सम्मान गरेको हो ।

हरिखेतान क्याम्पसको विवाद हिंसात्मक :

क्याम्पस प्रमुखमाथि दुर्व्यवहार गरेको आरोपमा दुई पक्राउ

सन्देश संवाददाता

वीरगञ्ज/वीरगञ्जस्थित हरि खेतान बहुमुखी क्याम्पसमा लामो समयदेखि चलेको आन्तरिक विवाद बिहीबार हिंसात्मकरूपमा प्रकट भएको छ ।

क्याम्पस प्रमुख किशोरी राय माथि दुर्व्यवहार तथा कुटाकुट भएको घटनामा संलग्न रहेको आरोपमा प्रहरीले क्याम्पसकै शिक्षक दिलीप प्रजापति र सह-लेखापाल देवलाल ठाकुरलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार पक्राउ परेकामाथि अभद्र व्यवहार मुद्दामा ७ दिनको म्याद थप गरी अनुसन्धान भइरहेको छ ।

सामाजिक सञ्जालमा भाइरल भएको भिडियोमा क्याम्पस प्रमुख र शिक्षक प्रजापतिबिच तानातान, लछारपछार भएको दृश्य देखिन्छ । केही रिपोर्टका अनुसार क्याम्पस प्रमुखमाथि कालोमोसो पनि दलिएको थियो ।

क्याम्पस प्रशासनले वैशाख २९ गतेदेखि लागू हुने गरी चार जनाको करार सेवा अन्त्य गर्ने निर्णय गरेको थियो । तीमध्ये लार्लकिशोर प्रसाद पटेल, रविन्द्रकुमार यादव, पूजा गुप्ता र दिलीपकुमार पण्डित रहेका छन् । उक्त निर्णयको विरोधमा शिक्षक तथा कर्मचारीहरूले क्याम्पसमा ताला-बन्दीसमेत गरेका थिए ।

क्याम्पस प्रमुख रायले पटक-पटक ताला खोल्न आग्रह गरे पनि सहमति नभएपछि विवाद बढ्दै गएको थियो । सोही क्रममा बिहीबार हिंसात्मक घटना भएको प्रहरीले जनाएको छ । घटनापछि क्याम्पस परिसरमा केही समय तनावपूर्ण अवस्था रहेको थियो ।

घटनाको प्रभाव स्वरूप क्याम्पस प्रशासनले शुक्रबार एक दिनका लागि सम्पूर्ण तहको पठन-पाठन स्थगित गरेको छ । प्रशासनले "विशेष कारणवश" भन्दै सूचना जारी गरेको थियो ।

शिक्षण संस्थाभित्रै शिक्षकहरू बिच हात हालाहालको घटना भएपछि स्थानीयबासीले शैक्षिक वातावरणमाथि गम्भीर प्रश्न उठाएका छन् । सामुदायिक क्याम्पसमा सीमित व्यक्तिको प्रभाव र निजी स्वार्थ हाबी भएको आरोप लारदै आएको छ । घटनाले क्याम्पसको शैक्षिक, प्रशासनिक तथा सामाजिक विश्वसनीयतामाथि समेत आँच आएको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक हरि बहादुर बस्नेतले घटनाको अनुसन्धान अघि बढाइएको बताएका छन् । घटनाले वीरगञ्जको एउटा प्रमुख सामुदायिक क्याम्पसमा व्याप्त आन्तरिक कलह र व्यवस्थापन समस्यालाई उजागर गरेको छ । सम्बन्धित निकायले छिटो समस्या समाधान गर्न आग्रह गरेको छ ।

यातायात कार्यालयमा फेरि फर्जी लाइसेन्सको चलखेल

सेवाग्राहीले लगाए गम्भीर आरोप

सन्देश संवाददाता

वीरगञ्ज/पर्सांको वीरगञ्ज स्थित यातायात व्यवस्था कार्यालय तथा बाराको कलैयास्थित यातायात व्यवस्था कार्यालयमा फर्जी लाइसेन्स नियन्त्रणका लागि केही समयअघि कडाइका साथ सञ्चालन गरिएको अभियान फेरि कमजोर बनेको भन्दै सेवाग्राही तथा स्थानीय स्रोतहरूले गम्भीर आरोप लगाएका छन् ।

उनीहरूका अनुसार पहिला रोकिएको भनिएको 'सेटिङ सिष्टम' पुनः भित्रीरूपमा सक्रिय भएको भन्दै उनीहरुले आरोप लगाएका छन् ।

स्थानीय स्रोतहरूका अनुसार कार्यालयमा सञ्चालन हुने लिखित तथा ट्रायल परीक्षा नाम मात्रको औपचारिकतामा सीमित बनेको छ । सीमित संख्यामा पटक-पटक परीक्षा सञ्चालन गरी निश्चित व्यक्तिहरू लाई पास गराउने अभ्यास भइरहेको आरोप लगाइएको छ । एकदिन लिखित परीक्षा र अर्को दिन ट्रायल गराउने शैली अपनाए बिचौलिया मार्फत काम अगाडि बढाइने गरिएको दावी सेवाग्राहीहरूको छ ।

यस्तै, वीरगञ्ज कार्यालयमा एक बिचौलियामार्फत केही कर्मचारीसँगको मिलेमतो गरी चार वटा मोटरसाइकलको लाइसेन्स बनाउन ट्रायल प्रमुख रामसुन्दर महतो निकटका व्यक्तिहरूमार्फत प्रक्रिया अघि बढाइएको आरोपसमेत लगाइएको छ ।

यसअघि सोही कार्यालयमा ट्रायल तथा लिखित परीक्षा सञ्चालनका क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोली पुगेपछि अनियमित आर्थिक कारोबार तत्काल रोकिएको घटना स्मरण गर्दै सेवाग्राहीहरूले अहिले भने अख्तियारको निगरानी कमजोर हुँदा पुनः अनियमितता मौलाएको बताएका छन् ।

सेवाग्राहीहरूले वीरगञ्ज कार्यालय प्रमुख कृशेश्वर साहमाथि पनि गम्भीर आरोप लगाएका छन् । उनीहरूका अनुसार कार्यालयभित्र बिचौलियाको प्रयोग गरी फर्म भर्ने, लिखित परीक्षा पास गराउने तथा ट्रायलमा असफल भएकाहरूको भिडियो सम्पादन (एडिट) गरेर पास देखाउनेजस्ता गतिविधि हुने गरेको दावी गरिएको छ ।

उता कलैया यातायात व्यवस्था कार्यालयमा सिसिटिभी क्यामेराको पर्याप्त व्यवस्था नभएको कारण ट्र्याक्टर चालकको लाइसेन्स वितरणमा व्यापक अनियमितता भइरहेको स्थानीय स्रोतको दावी छ । सेवाग्राही हरूले बारा कार्यालय प्रमुख चिन्तन आचार्यमाथि पनि बिचौलियामार्फत फर्म भर्ने, लिखित परीक्षा पास गराउने तथा ट्रायलमा असफल भएकालाई पास देखाउनेजस्ता गतिविधिमा संलग्न रहेको आरोप लगाएका छन् ।

स्थानीयबासीहरूले दुबै कार्यालयको ट्रायल परीक्षा प्रणाली लाई पूर्णरूपमा लाइभ स्ट्रिमिङ तथा कडाइका साथ डिजिटल निगरानीमा लैजानुपर्ने माग गरेका छन् ।

जेब्राक्रसबाट मात्र बाटो काट्ने बानि बसालौं

मतदान गर्न जनमत पार्टीद्वारा ह्विप जारी

सन्देश संवाददाता

वीरगञ्ज/जनमत पार्टीले मधेस प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादवले शुक्रबार लिने विश्वासको मतको विपक्षमा आफ्ना सांसदहरूलाई अनिवार्य मतदान गर्न ह्विप जारी गरेका छन् ।

जनमत संसदीय दलको बिहीबार बसेको बैठकले मुख्यमन्त्रीले तोकेको समयमा सदनमा अनिवार्य उपस्थित भई विश्वासको प्रस्तावको विपक्षमा मतदान गर्न निर्देशन दिएका हुन् ।

संसदीय दलका नेता चन्दन कुमार सिंहले जारी गरेको ह्विप पत्रमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा २८ उपदफा १ (क) अनुसार यो निर्णय गरिएको उल्लेख छ ।

"मिति २०८३/०२/०१ गते मधेस प्रदेश सरकारको विश्वासको प्रस्तावको विपक्षमा अनिवार्य उपस्थित भई मतदान गर्न संसदीय दलको निर्णय बमोजिम ह्विप जारी गरिएको छ," पत्रमा भनिएको छ ।

गत वैशाख २९ गते जनमत पार्टीले प्रदेश सरकारबाट औपचारिक रूपमा समर्थन फिर्ता लिएको थियो । तर, पार्टीका तर्फबाट सरकारमा रहेका अर्थमन्त्री महेश प्रसाद यादव र समाज कल्याण तथा खेलकुद मन्त्री वसन्त कुशवाहाले अझै राजीनामा दिएका छैनन् ।

दलभित्रको आन्तरिक विवादका कारण जनमतले महेश प्रसाद यादवलाई संसदीय दलको नेतावाट हटाएर चन्दनकुमार सिंहलाई जिम्मेवारी दिइसकेको छ । १०७ सदस्यीय मधेस प्रदेश सभामा जनमत पार्टीका हाल १२ सांसद छन् । मुख्यमन्त्री यादवले शुक्रबार विश्वासको मत लिन लागेपछि उनी विरुद्ध ह्वीप जारी भएको हो ।

नेपाली बाल वैज्ञानिकहरूको समर स्टीम एक्सपो-२०८३

'विज्ञान तथा इन्जिनियरिङ मेला' हेटौंडाको तयारी

सन्देश संवाददाता

हेटौंडा/हेटौंडामा आगामी जेठ २५ र २६ गते आयोजना हुन गइरहेको दुई दिने विज्ञान तथा इन्जिनियरिङ मेलाको तयारी थालनी गरिएको छ ।

देशभरका विद्यार्थीलाई आफ्नो कक्षाकोठाको चौघेराबाट बाहिर निस्केर वास्तविक प्रतिस्पर्धात्मक मैदानमा उत्रन मेला आयोजना गर्न लागिएको हो । यो यस्तो मैदान हो, जहाँ जिज्ञासाको उत्सव मनाइन्छ, वैज्ञानिक सोच संस्कृतिको विकासमा जोड दिइन्छ, नवाचार (इनोभेसन) लाई पुरस्कृत गरिन्छ र ठूला सोचहरूले पाउनुपर्ने उचित ध्यान र पहिचान प्राप्त गर्नेछन् ।

हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोग तथा समन्वयमा एस्ट्रोनोभा फाउन्डेसन नेपाल तथा हेटौंडा रिसर्च एण्ड इनोभेसन सेन्टर (HRIC) द्वारा आयोजित यस मेलामा नेपाल विज्ञान शिक्षक संघ मकवानपुर सह-आयोजकको रूपमा रहेको आयोजनले जनाएको छ ।

यसैगरी, काठमाडौं विश्वविद्यालयको शिक्षा विद्यालय (KUSOED) ज्ञान तथा अनुसन्धान साझेदार र इन्जिनियरिङ विद्यालय (KUSOE) सहजकर्ता साझेदार (Facilitating Partner) को रूपमा जोडिएका छन् ।

यो सहकार्यले एक्सपोलाई केवल प्रदर्शनीमा मात्र सीमित नराखी वास्तविक प्राज्ञिक विश्वसनीयता र संस्थागत उचाइ प्रदान गरेको छ। विद्यालय बालबालिकादेखि नै, व्यवहारिक सिकाई, अनुसन्धान र नवप्रवर्तन सोच संस्कृतिको विकास गराउने सबैको साझा संकल्पलाई यस कार्यक्रमले थप उचाइ दिने विश्वास लिएको आयोजक संस्थाका संस्थापक नेत्रप्रसाद बास्तोला (किशन) ले जानकारी गराए ।

ब्याकमेल गरी रकम असुल्ने युवक पक्राउ

सन्देश संवाददाता

वीरगञ्ज/टिकटक लगायतका सामाजिक सञ्जाल प्रयोग गरी महिलालाई ब्याकमेल गर्दै आर्थिक लाभ लिने युवक पक्राउ परेका छन् ।

पीडित महिलाले दिएको उजुरीका आधारमा गरिएको प्राविधिक अनुसन्धान तथा विश्लेषणपछि सशस्त्र समिर तामाडलाई प्रहरीले पक्राउ गरेको हो । प्रहरीका अनुसार काभ्रेपलाञ्चोक जिल्ला रोशी गाउँपालिका बडा नं. ११ स्थायी घर भएका २३ वर्षीय तामाङले सामाजिक सञ्जालमा पीडितको फोटो राखी ब्याकमेल गर्ने, व्यक्तिगत फोटो तथा भिडियो सार्वजनिक गरिदिने भन्दै धम्की दिने र त्यसबापत आर्थिक लाभ लिने गरेको आरोप छ ।

उनीलाई २०८३ वैशाख ३० गते काठमाडौं महानगरपालिका वडा नं. १३ कलंकीबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ । प्रहरीले सम्मानित काठमाडौं जिल्ला अदालतबाट ७ दिनको म्याद थप अनुमति लिएर विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन तथा आपराधिक लाभ सम्बन्धी कसुरमा अनुसन्धान अघि बढाएको प्रहरी उपरीक्षक दिलीप कुमार गिरीले सञ्चारकर्मीलाई जानकारी गराए ।

सांबा बराबरको रकम बुझाई ऋण चुक्ता गर्ने बारे सूचना

यस संस्थाको सेवा केन्द्र हेटौंडाबाट विभिन्न शीर्षकअन्तर्गत ऋण लिएका ऋणी सदस्यहरुले संस्थाबाट लिएको ऋण तोकिएको मितिमा सांवा तथा ब्याज बुझाउन नसकी सो ऋणको ब्याज र हर्जाना रकम बाँकी साँवाभन्दा बढ्दै भएको ऋणी शेयर सदस्यहरुको हक हितलाई ध्यानमा राखी संस्थाले अमूल्य अवसर प्रदान गर्दै मिति २०८३ साल जेष्ठ १ गतेदेखि २०८३ साल जेष्ठ मसान्तभित्रमा बाँकी साँवाको दोब्बर रकम सावै लागेको अन्य खर्च टिकट, पत्रिका, लिखतको खर्च एकमुष्ट संस्थामा जम्मा गरेमा बाँकी रकम मिनाहा गर्नेसम्बन्धि संस्थाको मिति २०८३/०१/२९ गतेको संचालक समितिको बैठकबाट निर्णय भएकोले सम्पूर्ण ऋणी सदस्यज्यूहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सहारा मल्टिपर्पस को-अपरेटिभ सोसाईटी लिमिटेड
सेवा केन्द्र, हेटौंडा
सम्पर्क फोन नं.: ०५७-५२४६५४, मो:९८४५६५९२८०

चिनी निर्यातमा भारतले लगायो प्रतिबन्ध,

नेपालमा मूल्यवृद्धि हुने संकेत

सन्देश संवाददाता

वीरगञ्ज/भारत सरकारले आन्तरिक बजारमा चिनीको उपलब्धता र मूल्य नियन्त्रण गर्न बुधबारदेखि चिनी निर्यातमा पूर्ण प्रतिबन्ध लगाएको छ । भारतीय वैदेशिक व्यापार महानिर्देशनालय (डीजीएफटी) ले जारी गरेको सूचना अनुसार कच्चा, सेतो तथा प्रशोधित सबै प्रकारको चिनीलाई 'निषेधित' श्रेणीमा राखिएको छ । प्रतिबन्ध आगामी सेप्टेम्बर ३० सम्म वा अर्को आदेश नभएसम्म कायम रहनेछ ।

भारतले यसअघि 'प्रतिबन्धित' श्रेणीमा रहेको चिनीलाई अब विशेष अनुमति लिएर पनि निर्यात गर्न नपाइने व्यवस्था गरेको छ । यद्यपि अमेरिका र युरोपेली संघका लागि तोकिएको कोटाभित्रको निर्यात तथा सरकार-सरकार (जीटूजी) सम्झौता अन्तर्गतका निर्यात भने यसबाट मुक्त छन् ।

नेपालमा प्रभाव :

नेपालमा खपत हुने अधिकांश चिनी भारतबाट आयात हुने भएकाले प्रतिबन्धको निर्णयले नेपाली बजारमा आपूर्ति प्रभावित हुने र मूल्य बढ्ने अनुमान गरिएको छ । चाडपर्व नजिकिँदै गर्दा प्रतिबन्ध थप चुनौतीपूर्ण हुने व्यवसायीहरूले बताएका छन् । साल्ट ट्रेडिङ कर्पोरेसनका अनुसार साधारणतया नेपालमा मासिक २०-२५ हजार टन चिनीको माग हुन्छ । यद्यपि, चाडपर्वमा माग ३० हजार टनसम्म पुग्ने गरेको छ । वार्षिकरूपमा करिब १ लाख टन चिनी अभाव रहने र त्यो आयातबाट पूर्ति गरिन्छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव नेत्रप्रसाद सुवेदीले भने, "हामी सरोकारवालासँग छलफल गरेर नेपालको आवश्यकता प्रस्ट पार्नेछौं । वैकल्पिक स्रोत खोज्ने वा जीटूजीमार्फत् भारतसँग समन्वय गर्न सकिन्छ ।"

कारण र पृष्ठभूमि :

भारतले यो कदम एल निनोको प्रभावले आगामी उखु उत्पादन घट्ने आशंकाका बिच चालेको हो । कम वर्षाका कारण उत्पादन प्रभावित भएमा आन्तरिक आपूर्तिमा संकट नआओस् भन्ने उद्देश्यले अग्रिम निर्णय गरिएको बताइएको छ ।

भारत बाजिलपछि विश्वको दोस्रो ठूलो चिनी निर्यातकर्ता हो । पछिल्ला वर्षहरूमा उसको निर्यातमा उतारचढाव देखिएको छ । सन् २०२१-२२ मा १ करोड १० लाख टन निर्यात गरेको भारतले पछिल्ला वर्षमा घटाएर ९ लाख टनमा झारेको थियो । सन् २०२३ मा पनि भारतले चिनी निर्यातमा प्रतिबन्ध लगाउँदा नेपालमा चिनीको मूल्य आकासिएको थियो । कालोबजारमा प्रतिकिलो १६० रुपैयाँसम्म पुगेको थियो । त्यसबेला नेपालले पाकिस्तानबाट वैकल्पिक आयातको योजना बनाएको थियो ।

भारतको संरक्षणवादी नीतिले नेपाल जस्ता निर्भर मुलुकहरूलाई बारम्बार प्रभावित पार्ने गरेको छ । यसअघि गैरव्यासमती चामल निर्यातमा प्रतिबन्ध लगाउँदा पनि नेपालमा चामलको मूल्य बढेर नयाँ रेकर्ड कायम गरेको थियो ।

व्यापार विज्ञ रविशंकर सैंजुले नेपालले खाद्यान्नमा पूर्ण परनिर्भरता घटाउनुपर्ने बताएका छन् । अन्य देशबाट आयात गर्दा ढुवानी खर्च बढी पर्ने र विदेशी मुद्रा सञ्चितिमा दबाव पर्ने भएकाले खाद्य सुरक्षा सम्बन्धी छुट्टै वार्ता गर्नुपर्ने उनको सुझाव छ ।

कृषि विज्ञ देवेन्द्र गौचनले कम वर्षा, मल अभाव र इन्धन मूल्य वृद्धिले नेपालको कृषि क्षेत्रलाई चुनौती दिन सक्ने चेतावनी दिएका छन् । सरकारले तत्काल सामना गर्ने योजना बनाउनुपर्ने उनले बताए ।

प्रतिबन्धले दक्षिण एसियाली बजारमा चिनीको मूल्य बढाउने र नेपाल जस्ता आयातकर्ता मुलुकलाई थप दबाव दिने अनुमान गरिएको छ । नेपाल सरकार र व्यवसायीहरूले वैकल्पिक व्यवस्था र मौज्दात बढाउनेतर्फ ध्यान दिनुपर्ने उनले भनेका छन् । यस विषयमा नेपाल सरकारले बेलैमा गम्भीर भएर उपयुक्त निर्णय लिनुपर्छ ।

फुटपाथ हटाउने अभियानमा झडप

सन्देश संवाददाता

बारा/मधेश प्रदेशको प्रमुख व्यापारिक केन्द्रमध्ये एक जीतपुर सिमरा उपमहानगरपालिका अन्तर्गतको जीतपुर बजार बिहीबार दिनभर तनावग्रस्त बनेको छ ।

उपमहानगरपालिकाले सञ्चालन गरेको फुटपाथ तथा सडक अतिक्रमण हटाउने अभियान हिंसात्मक बनेपछि नगर प्रहरी र स्थानीय साना व्यवसायीबीच झडप भएको हो ।

उपमहानगरपालिका-७ स्थित बजार क्षेत्रमा सडक मिचेर राखिएका ठेला तथा पसल हटाउने क्रममा विवाद सुरु भएको थियो । फुटपाथमा मकै, फलफूललगायत सामग्री बिक्री गर्दै आएका व्यवसायीहरूले उचित विकल्प र व्यवस्थापन बिना आफूहरूलाई हटाउन खोजिएको भन्दै विरोध जनाएका थिए ।

प्रत्यक्षदर्शीका अनुसार विवाद चर्किदै जाँदा स्थिति अनियन्त्रित बनेको थियो । सोही क्रममा एक आक्रोशित व्यवसायीले मकै पोल्ने प्रयोग भइरहेको बलिरहेको आगो नगर प्रहरीतर्फ प्रहार गरेपछि तनाव थप बढेको थियो ।

झडपपछि आक्रोशित व्यवसायी र केही स्थानीयको समूह हातमा रड तथा घरेलु हतियार लिएर उपमहानगरपालिकाको कार्यालय घेराउ गर्न पुगेका थिए । नगर प्रहरीको सुरक्षामा चुनौती देखिएपछि ईलाका प्रहरी कार्यालय जीतपुरबाट नेपाल प्रहरीको टोली परिचालन गरिएको थियो ।

नेपाल प्रहरी र नगर प्रहरीको संयुक्त प्रयासपछि केही घण्टापछि स्थिति नियन्त्रणमा आएको बताइएको छ । हाल जीतपुर बजारको अवस्था सामान्य बन्दै गएको स्थानीयले बताएका छन् ।

यद्यपि, सुरक्षाकर्मीको टोली फर्किएलगतै केही व्यवसायी पुनः साविककै स्थानमा व्यापार गर्न फर्किएका छन् । यसले उपमहानगर पालिकाको 'क्लिन सिटी' अभियान दिगो रूपमा कार्यान्वयन हुने वा नहुने भन्ने विषयमा प्रश्न उठाएको छ ।

उपमहानगरपालिकाले भने बजार व्यवस्थापन तथा सडक अतिक्रमण नियन्त्रणको अभियान नरोकिने स्पष्ट पारेको छ । सार्वजनिक सम्पत्तिको संरक्षणका क्रममा सुरक्षाकर्मीमाथि आक्रमण गर्ने तथा सरकारी काममा अवरोध पुऱ्याउने व्यक्तिहरूको पहिचान गरी कानुनी कारवाही अघि बढाइने चेतावनीसमेत दिएको छ । टकर ।वका कारणले शुक्रबार जीतपुर बजार बन्द भएको थियो ।

'मूल्य पारदर्शिता सप्ताह'

अनिवार्य मूल्यसूची राख्न आह्वान

सन्देश संवाददाता

हेटौंडा/नेपाल उद्योग वाणिज्य महासंघले सरकारद्वारा घोषणा गरिएको मूल्य पारदर्शिता सप्ताहलाई पूर्ण समर्थन गर्दै देशभरका उद्योगी व्यवसायीहरूलाई यस अभियानमा सहभागी हुन आह्वान गरेको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यही २०८३ बैशाख २८ गतेदेखि जेठ ३ गतेसम्म देशव्यापी रूपमा मूल्य पारदर्शिता सप्ताह मनाउने निर्णय गरेसँगै महासंघले आफ्नो ऐक्यबद्धता जनाएको हो ।

महासंघले बजारमा वस्तु तथा सेवाको मूल्यमा एकरूपता ल्याउन र स्वच्छ व्यावसायिक वातावरण निर्माण गर्न यो अभियान प्रभावकारी हुने विश्वास व्यक्त गरेको छ । महासंघका अनुसार आफ्ना सदस्य उद्योग वाणिज्य संघहरू, वस्तुगत संघहरू र आबद्ध व्यवसायीहरूलाई सम्पूर्ण उद्योगी, पैठारीकर्ता, सप्लायर्स, थोक तथा खुद्रा बिक्रेता हरूले आफूले बिक्री गर्ने वस्तु तथा सेवाको अद्यावधिक मूल्यसूची अनिवार्य र स्पष्ट देखिने गरी राख्न आग्रह गरेको छ ।

यसका लागि जिल्ला जिल्लामा व्यापारीहरुसंग सरोकारवाला सरकारी कार्यालयहरु उद्योग तथा वाणिज्य कार्यालय, आन्तरिक राजश्व कार्यालय, उपमहानरपालिका तथा गाउपालिकाहरुले सचेतना कार्यक्रम सञ्चालन गर्दै आआफ्ना व्यापारीलाई सचेत गराउदै आएका छन् ।

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय ब्लु हेवन टेलर्स सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको शाक्य प्लाजा मा सरेको जानकारी गराउंदछौं ।

सदाझै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं ।

आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिब २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १२ धुरको २ टुका घडेरी बिक्रीमा छ। ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला । आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ ।

सम्पर्क नम्बर : ९८४५१२३३६६